# २०७३ माघ १९ देखि २०७३ माघ २६ सम्म धनुषा र महोत्तरी जिल्लामा भएको स्थलगत अनुगमनको भ्रमण प्रतिवेदन



धनुषाका प्रमुख जिल्ला अधिकारी सहित आयोजना प्रमुख संग अनुगमन टोली



महोत्तरी जिल्लाका स्थानिय विकास अधिकारी सहित आयोजना प्रमुख संग अनुगमन टोली


**<u>अनुगमन कर्ता</u>**

**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**

**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

# स्थलगत अनुगमन गरिएका आयोजनाहरु

१.नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजना

२.जनकपुर परिक्रमा सडक

३.जटही-जनकपुर ढल्केवर व्यापारिक विस्तार आयोजना

४. तेस्रो साना शहरी खानेपानी आयोजना पुर्व क्षेत्र, इटहरी

५. राष्ट्रपति चुरे तराई मधेश कार्यक्रम र विकास निर्माणमा क्रसर उद्योगको प्रभाव र असर

६. अन्य केही आयोजनाका झलकहरु :-

- जिल्ला स्वास्थ कार्यालय, जलेश्वर, महोत्तरीको निर्माण सम्पन्न भएको भनिएका भवनहरु
- वर्दिवासको खयर मारा मा रहेको विद्यालयवाट अतिक्रमण गरिएको सार्वजनिक वाटो
- जमुनि सिंचाई आयोजना धनुषाको स्थलगत फोटाहरु

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजना
आयोजना संचालन गर्ने कार्यालय : हेटौडा ग्रिड महाशाखा, ढल्केवर सव-स्टेशन
आयोजना प्रमुखको नाम : राधेशरण महतो

**१.पृष्ठभुमि** :

**क) चिनारी**

- हेटौडा देखि इनरवा सम्म १० जिल्लाको २८५ कि.मि. लम्वाईमा ४०० के.भी. डवल सर्किट प्रसारण लाइन विस्तार साथै हेटौडा, ढल्के र इनरवामा १/१ वटा सब-स्टेशन निर्माण,
- आ.व.०६७०६८ देखि आयोजना सुरु भएको

**ख) उदेश्य**

भारतवाट आयात प्रस्ताव गरिएको र आयात भैरहेको विद्युत शक्ति सुनसरीको इनरवा देखि मकवानपुरको हेटौडा पु-याउने कार्यका निम्ति निम्न उदेश्य सहित आयोजना संचालन गरिनेछ :-

- क्रसबोर्डर ट्रान्स मिसन लिंक(विद्युत आयात/निर्यात) स्थापित गर्ने
- लोडसेडिङ मिनिमाइज गर्नमा सहयोग पु-याउने (१२०० मे.वा.सम्मको विद्युत शक्ति थाम्ने)
- हेटौडा-इनरवा ४०० के.भी.ग्रीड तयार भएपछि प्राइभेट लगानीका विद्युत शक्तिलाई समेत जोडी स्थापीत गर्ने ।

**ग) लगानी तथा सम्झौता**

**लगानी**

- नेपाल सरकार ३ अरव १७ करोड ५० लाख
- विश्व वैंक ९ अरव
  कूल १२ अरव १७ करोड ५० लाख

**सम्झौता**

- loan stabilished date: 30 sep 2011
- loan closing date: 30 june 2018

**घ) सुपरभीजन व्यवस्था**

- पावर ग्रिड कर्पोरेशन अफ इन्डिया लि.(PGCIL) को दशौ तहको टिम लिडर समेतको कन्सल्टटेन्ट समुह,
- नेपाली कन्सल्टटेन्ट ६ जना इन्जिनियर रहने

**ङ) विद्युत प्रशारण क्षमता वृद्दि सम्वन्धमा**

- नेपालका शन्दर्भमा निम्न अनुसार क्षमताका विद्युत शक्ति प्रशारण लाइन रहेको र निम्न अनुसार क्षमताका विद्युतिय प्रशारण लाइन विस्तार हुने अवस्था भएको
  - ०.२३० के.भी. प्रसारण लाइन साधारण बत्ति संचालनार्थ,
  - ०.४०० के.भी. प्रसारण लाइन थ्रीफेस बत्ति संचालनार्थ,

- ११ के.भी. प्रसारण लाइन साना उद्योग संचालनार्थ,
- ३३ के.भी. प्रसारण लाइन सिमेन्ट फ्याक्ट्रि लगायत ठुला उद्योग संचालनार्थ,
- ६६ के.भी. प्रसारण लाइन २०३४ सालमा नेपालमा सुरु भएको,
- १३२ के.भी. प्रसारण लाइन वर्दघाट-महेन्द्रनगर लगायतका स्थानमा रहेको,
- २२० के.भी. प्रसारण लाइन हेटौडा-वर्दघाटमा रहेको,
- ४०० के.भी. प्रसारण लाइन हेटौडा-ढल्के-इनरवा निर्माणाधिन अवस्थामा भएको
- ७६५ के.भी. प्रसारण लाइन विस्तार गर्नुपर्ने अवस्था आउने देखिएको (१२०० मे.वा. भन्दा वढि विद्युतिय क्षमताको प्रसारणलाई आवश्यकता हुने)

**२) आयोजनाको आर्थिक खर्च र जनशक्ति व्यवस्थापनको चिनारी :-**

**आर्थिक खर्चमा चा.लु. आ.व.को चिनारी**

- ब.उ.शि.नं. ५०११५०५ मा यस आ.व.लाई नेपाल सरकार तर्फ ९३ करोड ४ लाख १७ हजार वैदेशिक तर्फ ऋणमा ६२ करोड २४ लाख ७५ हजार अनुदानमा १ करोड ३ लाख गरि जम्मा ७२ करोड ६१ लख ९२ हजार रहेको,
- प्रथम चौमासिकको वित्तिय प्रगति ६७.३३ प्रतिशत र भौतिक प्रगति ५१.०८ प्रतिशत

**आर्थिक खर्चमा गत आ.व. सम्मको चिनारी**

- गत आ.व.सम्मको वित्तिय प्रगति ५२.८२ प्रतिशत र भौतिक प्रगति ६१.६५ प्रतिशत

**जनशक्ति विवरण**

- हेटौडा ग्रिड महाशाखा अर्न्तगत
  - हेटौडा/ढल्के/इनरवा सव-स्टेशन
    प्राविधिक तर्फ आठौ तह- १ जना, सातौ तह-२ जना, छैठौ तह-१ जना, पाचौ तह-२ जना, र प्रशासन तर्फ पाचौ तह १ जना सहितको जनशक्ति सवै सव-स्टेशनमा रहने

**३) आयोजनाका प्रमुख क्रियाकलाप, अपेक्षित प्रतिफल र हालसम्मको उपलब्धि :**

**क) प्रसारण लाइन निर्माण**

| क.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | हालसम्मको उपलब्धि प्रतिशत |
|---|---|---|---|
| १. | विस्तृत सर्भे | आयोजनाको संक्षिप्त चिनारी | १०० प्रतिशत |
| २. | ठेक्कापट्टा व्यवस्था | आयोजना प्रारम्भ | १०० प्रतिशत |
| ३. | लाइनलाई टावर निर्माण तथा हार्डवेयर उपलब्धि | भौतीक संरचना तयारी | ६९ प्रतिशत |
| ४. | लाइन निर्माण | २८५ कि.मि. निर्माण भएको हुने | ६७ प्रतिशत |
| ५. | प्रशारण लाइनको तार उपलब्धता | लाइन विस्तार भएको हुने | ५७ प्रतिशत |
| ६. | लाइन तथा टावर निर्माण स्थलको रुख हटाउने कार्य | अवरोध व्यवस्थापन हुने | १३ प्रतिशत |
| ७. | आयोजनाका IEE तयारी र स्विकृति | वतावरणीय असर मुल्याङ्कन भएको हुने | ० प्रतिशत |

**ख) सव-स्टेशन निर्माण**

- **हेटौडा**
  - ठेक्कापट्टा व्यवस्था हालसम्म २० प्रतिशत सम्पादन भएको
  - सव-स्टेशन निर्माणलाई सामान उपलब्धता ३१ प्रतिशत सम्पादन भएको
  - सव-स्टेशन निर्माणकार्य ५४ प्रतिशत सम्पादन भएको
- **ढल्केवर**
  - ठेक्कापट्टा व्यवस्था हालसम्म २० प्रतिशत सम्पादन भएको
  - सव-स्टेशन निर्माणलाई सामान उपलब्धता ४८ प्रतिशत सम्पादन भएको
  - सव-स्टेशन निर्माणकार्य ७४ प्रतिशत सम्पादन भएको
  - बाउण्ड्रीवाल निर्माण १०० प्रतिशत सम्पादन भएको
- **इनरवा**
  - ठेक्कापट्टा व्यवस्था २५ प्रतिशत सम्पादन भएको
  - सव-स्टेशन निर्माणलाई सामान उपलब्धता ३१ प्रतिशत सम्पादन भएको
  - सव-स्टेशन निर्माणकार्य ४२ प्रतिशत सम्पादन भएको
  - बाउण्ड्रीवाल निर्माण ९० प्रतिशत सम्पादन भएको

**ग) सव-स्टेशन निर्माणलाई ट्रान्सफर्मर उपलव्धी ४८ प्रतिशत भएको**

**घ) सव-स्टेशन सुधार १७ प्रतिशत भएको**

**ङ) जग्गा अधिकरण ४१ हेक्टरमा ८७ प्रतिशत भएको**


**४. आयोजनाका उल्लेखनिय पक्षहरु :-**

- ४५८ स्थानमा टावर फाउण्डेशन र ३७५ स्थानमा टावर इरेक्सन कार्य सम्पन्न
- कण्डक्टर र अर्थ वायर ढुवानी कार्य सम्पन्न
- १६० एम.भि.ए. ट्रान्सफर्मर २ थान ढुवानीकार्य सम्पन्न
- २२० के.भि. र १२० के.भि. प्रसारण लाइन व्यवस्थापनलाई आवश्यक CT, CVT, PI, ISO, SA जस्ता सामानहरुको ढुवानी कार्य सम्पन्न
- २२० के.भि र १३२ के.भि. प्रसारण लाइन को CV भारतवाट ल्याई Shipment भएको
- १३२ के.भि. प्रसारण लाइनलाई व्यवस्थापन गर्न आवश्यक इस्टक्चर ठुलो ग्रान्ट्री ९ वटा र सानो ग्रान्ट्री ५६ वटा ढल्केवर स्टेशनमा वन्ने देखिएको
- २२० के.भि. प्रसारणलाइनलाई व्यवस्थापन गर्न आवश्यक इस्टक्चर ठुलो ग्रान्ट्री ५२ वटा र सानो ग्रान्ट्री ५५० वटा ढल्केवर स्टेशनमा वन्ने देखिएको
- ४०० के.भि. प्रसारणलाइनलाई थाम्ने Raft फाउण्डेशन जगमा प्रति जग ५० के.जी.का ५१९ बोरा सिमेन्ट प्रयोग भई निर्माण हुने ठुलो ग्रान्ट्री ७ वटा ढल्केवर स्टेशनमा वन्ने देखिएको
- काठमाण्डौ प्रसारणलाई खिम्ति जलविद्युत आयोजनाको विद्युत टावर व्यवस्थापन भई रहेको ।

उपयुक्त विषयका साथमा २८५ कि.मि. लम्वाईमा ४०० के.भि.क्षमताको प्रसारण लाइन निर्माण, हेटौडा- इनरवा –ढल्केवरमा २२० के.भि. भोल्टेज लेभल थाम्ने सव-स्टेशन निर्माण जस्ता कार्यमा विस्तुत सर्भे कार्य सम्पन्न भएको टावर तथा लाइन निर्माणलाई हार्डवेयरको उपलव्धता र प्रसारण लाइनलाई तारको उपलव्धता सन्तोषजनक रहेको, वातावरण सुधारको पक्षमा ५१ प्रतिशत कार्य

सम्पादन भएको र भारतिय पक्ष संग सिंन्क्रोनाइजेशन कार्यमा ९३ प्रतिशत कार्य सम्पादन भएको जस्ता कार्य यस आयोजनाका उल्लेखनिय पक्षहरु रहेका छन् ।

## ५. आयोजना संग सम्वन्धित फोटो नक्सा आदि






























६) निष्कर्ष :

२८५ कि.मि. लम्वाईमा १० जिल्ला भित्र ४०० के.भी विद्युतिय क्षमताको प्रसारण लाइन निर्माण र ३ वटा सव-स्टेशनमा आवश्यक भौतिक पुर्वाधार निर्माणको लक्ष्य लिएको यस आयोजनाले हालको तत्कालको अवस्थाको मागलाई सम्वोधन गर्दै सुदृढ राष्ट्रिय प्रसारण प्रणाली निर्माणलाई भारतवाट आयात विद्युत शक्ति र यसमा जोडिन आउने अन्य विभिन्न स्थानको विद्युत शक्तिलाई इनरवा देखि हेटौडा सम्म प्रसारण गरि पुऱ्याउने उदेश्यमा आयोजना संचालनमा रहेको देखिन्छ। यस उदेश्य परिपुर्तिमा यसवाट राष्ट्रिय प्रसारण प्रणालिको विद्युत शंकट हटाउने कार्यलाई भारत संगको विद्युत आदान प्रदान गर्ने आधारशिला तयारी भई यसवाट आवश्यक उपलव्धी समेत हासिल हुने छ। यसरी थप भएको ४०० के.भि. प्रसारण क्षमताको कार्यक्रम नेपाल विद्युत प्राधिकरणलाई यस आयोजनाबाट प्रतिफलको रुपमा प्राप्त हुने हुदा आयोजनालाई तोकिएको समय जुन २०१८ भित्र सम्पन्न गर्न गराउनु पर्नेनै देखिन्छ। कार्य प्रगति तर्फहेर्दा आयोजनाले विगत १ वर्ष भित्र सन्तोषजनक रुपमानै कार्य सम्पादन गरेकोले अव तत्काल हेटौडा-वर्दघाट, वर्दघाट-महेन्द्रनगर र इनरुवा-विर्तामोड सम्मको प्रसारण लाइनमा हेटौडा-वर्दघाट बाहेक अन्य प्रसारण लाइनहरुलाई २२० के.भि.सम्म क्षमतामा प्रसारण नगरी रहेको हुदा कहिल्यै ४०० के.भि. प्रसारण लाइन वन्ने हो ? अनुमान गर्न नै गाह्रो भैरहेको छ। तसर्थ आगामि ५ वर्ष पश्चात नै यस आयोजनालाई ७६५ के.भि.प्रसारण लाइन सम्मको क्षमतामा जानै पर्ने स्थिति रहेकाले यि वाहेक अन्य माथि उल्लेखित प्रसारण लाइनलाई समेत आजको ५ वर्ष भित्रमा ४०० के.भि. प्रसारण क्षमतामा लाइन विस्तार हुन राज्यको माग भएको देखिदा यस तर्फ यथाशिघ्र जवाफदेहि ढंगले कार्य सम्पादनको सुरुवात आजका दिनमानै हुन जरुरी रहेको निष्कर्ष राखेका छौ। अन्तमा यस संचालित आयोजनालाई आर्थिक रुपले दिगो, प्राविधिक रुपले परिपक्व र २ देशिय सम्वन्धका हिसावले समेत कुनै व्यवाधान नआउने गरी आयोजना सम्पन्न पश्चात आयोजनालाई संचालन गर्न गराउन नेपाल सरकारको निरन्तर नियमित ध्यान पुग्नेछ भन्ने अपेक्षा लिएका छौ।

अनुगमन कर्ता
मानिनय सदस्य : डा.कृपा सिन्धु प्रसाद
योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल

राष्ट्रिय योजना आयोगको सचिवालय

जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम: जनकपुर-परिक्रमा सडक

जिल्ला: महोत्तरी,धनुषा

आयोजना प्रमुखको नाम: राजेन्द्र प्रसाद दास आयोजना शुरु मिति: २०७१/०७२

**१. पृष्ठभूमि:**

**क. चिनारी**

मिथिला संस्कृतिको उच्चतम प्रयोग राजा जनकको पालामा आज भन्दा करिव ६६ सय वर्ष अघी रहेको थियो । सो वेला मिथिला राज्यमा यज्ञवल्लभ र गार्गी जस्ता विद्वान र विधुषीहरु प्रमुख सहयोगी रही भरपुर सहयोग वाट राजा जनकले सहज रुपमा राज्य संचालन गरेको देखीन्छ । राजा जनकले आफ्नी छोरी सीतालाइ भारत अयोध्याका राजा दशरथका छोरा रामलाइ दीएपश्चात मिथिला क्षेत्रको पहीचान र चीनारी थप विस्तार हुन गएको हो । त्यसपश्चात आजका दिनमा समेत नेपालमा परम्परा संस्कार र संस्कृती वोकेको मिथिला संस्कृतिको केन्द्र जनकपुर भई आफुलाई उभ्याउन सफल भएको छ ।

उल्लेखित मुल्य र मान्यतालाई उजागर गर्दै मिथिला संस्कार र संस्कृतीलाई सुदृढ गर्नका लागि भनि आजभन्दा १११ वर्ष पहिले जनकपुरका एक साधुले फाल्गुनको औसीमा नेपालको कचुरी स्थीत मिथिला विहारी को मन्दीरमा भेला भई सोही दीनवाट करिव १२५ कि.मि.लम्वाईको परिक्रमा सडक वन्ने गरी भारतको कलना हुदै मिथिला क्षेत्रको जानकी परिक्रमा गरेकाले यस सडकलाई जनकपुर परिक्रमा सडकको रुपमा नेपाल तर्फ करिव ९९ कि.मि. र भारत तर्फ २६ कि.मि. रहने सडक संजाल निर्माणका लागि नेपालले आ.व.०७१।०७२ देखि यो आयोजना सुरु गरेको छ । परिक्रमा गर्दा प्रयोग हुने कचुरी - हनुमाननगर- कलना को ९ कि.मि. यात्रा बाटो परिक्रमा सडकको आयोजना भित्र रहेको छैन । किनभने यो सडक गोलाकार वृत भीत्र पर्दैन । धर्मालम्वीहरुले फाल्गुन औसीवाट १५ दिने यात्रा फाल्गुन पुर्णीमाको अघिल्लो दिन समापन गरी पुर्णीमाका दिन जनकपुरमा हर्षोल्लासका साथ होली पर्व मनाई उनीहरु आ-आफ्नो घर तर्फ जान्छन् । परिक्रमा गर्दा प्रयोग भएको जनवस्ती तथा सडकहरुकोनै वाटो हुनेगरी सो पश्चात प्रत्येक वर्ष निरन्तर रुपमा यो माध्यमिका मिथिला परिक्रमाले निरन्तरता पाईरहेको छ । परिक्रमा सडकको छेउमा रहेका नेपाल भारतका विभिन्न मठ मन्दिर तथा धामहरुको समेत दर्शन गर्ने गरि पैदल यात्रा संचालन हुने गर्दछ । यो परिक्रमाको नेतृत्व धनुषाको कचुरी स्थित मिथिलाबाबाको नेतृत्वमा मिथिला विहारीको डोलावाट हुनेछ भने यसको

सहयोगको रुपमा जनकपुरको अग्नी कुण्डवाट किशोरी समेतको डोला समेतलाई परिक्रमामा सहभागिता गराईने गरिएको देखिन्छ ।

**<u>मिथिला परिक्रमाको १५ वटा रुट विवरण</u>**

१. फाल्गुन कृष्ण औसीका दिन नेपालको कचुरीवाट सुरु हुने,
२. परिक्रमाको पहिलो दिनको रात नेपालको हनुमान नगरमा वास हुने,
३. परिक्रमाको दोश्रो दिनको रात भारतको कलनामा वास हुने,
४. परिक्रमाको तेश्रो दिनको रात भारतको फुलहरमा वास हुने,
५. परिक्रमाको चौथो दिनको रात नेपालको मटिहानिमा वास हुने,
६. परिक्रमाको पाचौ दिनको रात नेपालको जलेश्वरमा वास हुने,
७. परिक्रमाको छैठौ दिनको रात नेपालको मडेपमा वास हुने,
८. परिक्रमाको सातौ दिनको रात नेपालको ध्रुवकुण्डमा वास हुने,
९. परिक्रमाको आठौ दिनको रात नेपालको कञ्चनवनमा वास हुने,
१०. परिक्रमाको नवौ दिनको रात नेपालको पर्वतामा वास हुने,
११. परिक्रमाको दशौ दिनको रात नेपालको धनुषाधाममा वास हुने,
१२. परिक्रमाको एघारौ दिनको रात नेपालको औरहीमा वास हुने,
१३. परिक्रमाको बार्हौ दिनको रात भारतको विसौलमा वास हुने,
१४. परिक्रमाको तेर्हौ दिनको रात भारतको विसौलबाट भारतको कलना हुदै नेपालको जनकपुरमा वास हुने,
१५. परिक्रमाको चौधौ दिनमा जनकपुर नगरीको ९ कि.मि.दुरीको नगर परिक्रमा गरि यसै दिन मिथिला विहारीको मन्दीर रहेको नेपालको कचुरीमा गई वास हुने,
१६. पन्ध्रौ दिनमा नेपालको कचुरीमा र भारत तर्फको कलनामा समापन कार्य हुने ।

परिक्रमा सम्पन्न पश्चात नेपाल तर्फका धर्मावलम्वीहरु जनकपुर नगरीमा पुगी ठुलो हर्षोउल्लास साथ होली मनाई सो पश्चात मात्र घर घर जाने गर्नाले यो पर्वमा मिथिला परिक्रमा साथै होली पर्व दुवैको मिश्रण भएको देखिन्छ । नेपालको हकमा लामो दुरीको १५ दिने पैदल यात्राको धार्मिक कार्य यो भन्दा ठुलो अर्को कुनै भएको देखीदैन । यस धार्मीक यात्रामा १ लाख भन्दा वढी धर्मालम्वीहरु प्रत्येक वर्ष सहभागी हुनाले मिथिला संस्कृतिको यस परिक्रमावाट छुट्टै थप धार्मिक चिनारी पुगेको छ । यसको अलावा जानकी क्षेत्रमा राम जानकी विवाह महोत्सवमा पनि लाखौ भक्तजनहरु आउने र सो वाहेक यस वरपरका क्षीरेश्वर महादेव, धनुषा धाम लगायतका धार्मिक स्थलहरुमा समेत

विभिन्न अवधिमा धार्मिक मेलामा देश विदेशका धर्मालम्वीहरु आउने हुदा यस सडकले थप चीनारी दिदै सहयोग पुर्याउने अपेक्षा रहेको पाइन्छ ।

**ख. आयोजनाको कार्यक्षेत्र सम्वन्धमा :-**

- आयोजना आ.व.०७१।७२ मा सुरु भएको¸
- यो सडक को दुरी १२५ कि.मि.मा नेपाल तर्फ ९८.६४ कि.मि. रहेको¸
- परिक्रमा सडकले नेपाल तर्फ महोत्तरी जिल्लामा ३८.४७ कि.मि. र धनुषा जिल्लामा ६०.१७ कि.मि. को कार्य क्षेत्र लिएको छ¸
- यो सडक निर्माणलाई निम्न ५ क्लस्टर रहने गरि काम काज हुने :-
    - J.P.R Highway ठेक्का नं.११ मा १३ कि.मि.¸
    - J.P.R Highway ठेक्का नं.१२ मा १७ कि.मि.¸
    - J.P.R Highway ठेक्का नं.१३ मा १७ कि.मि.¸
    - J.P.R Highway ठेक्का नं.१४ मा १७.६६ कि.मि.¸
    - J.P.R Highway ठेक्का नं.१७ मा २३.९८ कि.मि.¸

**ग. उदेश्य :-**

- नेपाल भारतको पौराणिक सम्वन्ध र मिथिला संस्कृतिको विकासमा टेवा पुर्याउने¸
- नेपाल भारत धार्मिक सांस्कृतिक सम्वन्धलाई पारस्पारीक सदभावको रुपमा निरन्तरता दिन सहयोगी वनाउने¸
- २ देशको धार्मिक पर्यटकलाई वढवा दिनका साथै वर्षैभरी विश्वभरीका सम्पुर्ण हिन्दु धर्मावलम्वीहरुको आगमन पश्चातको यात्रालाई सुनिश्चतता दिलाउने¸
- विभिन्न पेशा व्यवसाय सिर्जना भई यस क्षेत्रमा रोजगारीको अवसर वृद्‌दी हुने र जनताको जिवनस्तरमा सुधार आउने¸

**घ. समस्या :-**

i गाउँ ब्लक अन्तर्गतका घर टहराहरुको स्वामित्व नेपाल सरकारमा रहेको हुँदा तहाँ अवस्थित रहेको घर टहराको मुआब्जा वितरण चुनौतिपुर्ण भएको |

ii घर टहराको मुआब्जा वितरण नभएसम्म विजुली, टेलिफोन आदि जस्ता सुविधाहरु स्थानान्तरण चुनौतिपूर्ण रहेको |

iii घर टहराको मुआब्जा वितरणको लागि थप बजेट व्यवस्था सम्बन्धी फायल पेश भएको |

iv बिजुली पोल सार्नको लागि आवश्यक पर्ने बजेटको लागि नीतिगत निर्णय हुनु पर्ने |

v ठाउँ ठाउँमा स्थानियहरुबाट पाईप कल्भर्ट, नाली निर्माण कार्यमा बाधा अवरोध भईरहेको ।

**योजनाको बर्तमान अवस्था:**

**योजनाको नाम: जनकपुर-परिक्रमा सडक**

**बा.उ.शि.नं. ३३७१३३४**

| सि. नं. | आयोजनाको नाम | ठेक्का सम्झौता मिति | ठेक्का सम्पन्न हुने मिति | ठेक्का लागेको कबोल अंक (भ्याट बाहेक) | चालु आ.ब. मा विनियोजित रकम(रु. हजारमा) | हाल सम्मको प्रगति (रु. हजारमा) | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| १ | RIP/337133/JPR-11/2070/071 | 25-Jun-14 | 8-Oct-17 | ३१८,१८६,७२७.८३ | २२०७३२ | ७.३३ | ३२१८९ |
| २ | RIP/337133/JPR-11/2070/071 | 10-Dec-15 | 9-Dec-17 | ३३५,७०६,०२३.४५ | | ११.९२ | |
| ३ | RIP/337133/JPR-11/2070/071 | 14-Jan-16 | 13-Jan-18 | २८७,३९०,८१७.१८ | | ८.४१ | |
| ४ | RIP/337133/JPR-11/2070/071 | 6-Jan-16 | 5-Jan-18 | ३४४,४२२,८४७.४० | | ४.७३ | |
| ५ | RIP/337133/JPR-11/2070/071 | 14-Jan-16 | 13-Jan-18 | २१६,५६६,८९९.४२ | | ७.५० | |

**२) आयोजनाको समग्र चिनारी:**

**(अ) श्रोत व्यवस्थापन**

(क) ब.उ.शि.नं.: ३३७१३३४

(ख) खर्चको श्रोत: (१) नेपाल सरकार: √ (२) बैदेशिक: √

(ग) गत आ.व. को भौतिक प्रगति प्रतिशत: **५७.८३**

(घ) गत आ.व. सम्मको भौतिक प्रगति प्रतिशत: **२.०३**

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत: **७७.६७**

(च) गत आ.व सम्मको वित्तीय प्रगति प्रतिशत: **९.७६**

(छ) आयोजनाको आ.व. ०७३/७४ को कार्यक्रम र बजेट सम्बन्धी विवरण

(१) चालु आ.व. को अखित्यारी र स्वीकृतिको चौमासिक विभाजन प्राप्त मिति: २०७३/०५/१४

(२) चालु आ.व. को बजेट निकासाको लागी माग गरेको मिति:

(३) चालु आ.व. को बजेट निकासा भएको मिति:

(४) बजेट निकासा हुन नसकेको भए सोको कारण: नभएको

(ज) आयोजनाको चालु आ.व. को बजेट विवरण (रु. लाखमा)

| **चालु आ.व. को विनियोजित बजेट** | **हाल सम्मको निकासा** | **हाल सम्मको खर्च** | **कैफियत** |
|---|---|---|---|
| २२४३.८८ | ३३३.७१ | ३३३.७१ | पौष मसान्त सम्म |

(झ) व्यवस्थापिका पक्ष :

(१) भौतिक :

| **भौतिक साधन** | **संख्या** | **सवारी साधन** | **संख्या** | **खुद प्रयोग सवारी संख्या** | **कुनै साधन आवश्यकता भए साधनको नाम** | **संख्या** |
|---|---|---|---|---|---|---|
| स्काभेटर | ५ | जीप | २ | २ | | |
| लोडर | ५ | मोटरसाईकल | ३ | ३ | | |
| ग्रेडर | ५ | | | | | |
| रोलर | ७ | | | | | |
| टिपर | २५ | | | | | |
| ट्र्याक्टर | १० | | | | | |
| मिक्सर मेसिन | ६ | | | | | |

(२) जनशक्ति

| **दरबन्दीको पद** | **पदपूर्ति संख्या** | **रिक्त संख्या** | **रिक्त रहेको अवधि** | **दरवन्दी पर्याप्त/ अपर्याप्त** |
|---|---|---|---|---|
| आयोजना प्रमुख | १ | | | |
| इन्जिनियर | ४ | १ | २ वर्ष | |
| सब इन्जिनियर | ४ | १ | २ वर्ष | |
| लेखा अधिकृत | १ | | | |
| लेखापाल | १ | | | |
| प्रशाशन | १ | | | अपर्याप्त |

आ) <u>अपेक्षित उपलब्धिहरु</u>

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरु** | **अपेक्षित प्रतिफलहरु** | **वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत** | **आयोजनाको हालसम्मको प्रतिफल र उपलब्धिहरु** |
|---|---|---|---|---|
| १ | माटो फिलिंग | १२ कि.मी. सम्पन्न हुने | २२.८१ | ४३.५ कि.मी. सम्पन्न |
| २ | सबबेस/ग्रवेलिंग | ११ कि.मी. सम्पन्न हुने | | २३.८ कि.मी. सम्पन्न |
| ३ | बेसकोर्स | ११ कि.मी. सम्पन्न हुने | | १.६३ कि.मी. सम्पन्न |
| ४ | पक्कि नाली | ४.९ कि.मी. सम्पन्न हुने | | १.५३५ कि.मी. सम्पन्न |
| ५ | पुलपुलेसा | ५५ संख्या सम्पन्न हुने | | ३७ संख्या सम्पन्न |
| ६ | कालोपत्रे | ११ कि.मी. सम्पन्न हुने | | |

## ३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रमानुसार)

| **क्र.सं.** | **समस्या विवरण** | **समाधानका लागि प्रयासहरु** | **समाधानका उपायहरु** |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| १ | गाउँ ब्लकको स्वामित्व नेपाल सरकारमा रहेकोले मुआब्जा वितरण गर्न कठिनाई भएको | | |
| २ | बिजुलीका पोलहरु सार्न, मर्मत गर्न समय लाग्ने भएको | बिधुत प्राधिकरणमा पत्राचार गरि पोल सार्न लागत इस्टिमेट तयार भईरहेको | बिधुत प्राधिकरणमा पत्राचार गरि पोल सार्न लागत इस्टिमेट तयार भईरहेको |
| ३ | ठाउँ ठाउँमा स्थानियहरुबाट पाईप कल्भर्ट, नाली निर्माण कार्यमा बाधा अवरोध भईरहेको | | स्थानियहरु संग समन्वय गरि समाधान गरिएको | स्थानियहरु संग समन्वय गरि समाधान गरिएको |

### ४) यस आ.व.मा यस अघि भएको निरीक्षण विवरण

| क्र.सं. | निरीक्षण गर्ने पदाधिकारीको नाम,थर,पद र कार्यालय | निरीक्षण गरेको मिति |
|---|---|---|
| १ | अयोध्या प्रसाद श्रेष्ठ,क्षे.नि.,-मध्यमान्चल क्षेत्रीय निर्देशनालय | २०७३/०७/२८ |

### ५) स्थलगत निरीक्षणबाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु

**क) उल्लेखनिय क्रियाकलाप :**

१. माटो फिलिंग -४१ कि.मी मा कार्य भईरहेको

२. सबबेस/ग्रवेलिंग - ४५ कि.मी मा कार्य भईरहेको

३. बेसकोर्स - ५७ कि.मी मा कार्य हुने

४. पक्कि नाली - २१ कि.मी मा कार्य हुने

५. पुलपुलेसा - १०१ संख्या मा कार्य हुने

**ख) उल्लेखनिय प्रतिफल**

| | |
|---|---|
| माटो फिलिंग | ४३.५ कि.मी. सम्पन्न |
| सबबेस/ग्रवेलिंग | २३.८ कि.मी. सम्पन्न |
| बेसकोर्स | १.६३ कि.मी. सम्पन्न |
| पक्कि नाली | १.५३५ कि.मी. सम्पन्न |
| पुलपुलेसा | ३७ संख्या सम्पन्न |

**ग) सबल पक्ष:**

- यो सडकले नेपाल र भारतको पौराणिक सम्बन्धलाई विकासको रुपमा पहिचान गराउनेछ |
- यस सडकको पूर्ण कार्यान्वयन पश्चात स्थानिय करिब १ लाख भन्दा बढी बासिन्दालाई आगमन लगायत पेशा व्यवसाय र रोजगारीमा वृद्धि हुने |

**घ) दुर्बल पक्ष:**

i गाउँ ब्लक अन्तर्गतका घर टहराहरुको स्वामित्व नेपाल सरकारमा रहेको हुँदा तहाँ अवस्थित रहेको घर टहराको मुआब्जा वितरण चुनौतिपुर्ण भएको |

ii घर टहराको मुआब्जा वितरण नभएसम्म विजुली, टेलिफोन आदि जस्ता सुविधाहरु स्थानान्तरण चुनौतिपूर्ण रहेको |

### ७) आयोजनाको सम्बन्धमा आयोजना प्रमुखको भनाई सुझाबहरु :

- एतिहासिक तथा धार्मिक महत्व बोकेको यो सडक नेपाल र भारतको पौराणिक सम्बन्धलाई विकासको रुपमा पहिचान हो र यस सडकको पूर्ण कार्यान्वयन पश्चात स्थानिय करिब १ लाख भन्दा बढी बासिन्दालाई आगमन लगायत पेशा व्यवसाय र रोजगारीमा वृद्धि हुने |

**८) आयोजना स्थलमा लिएको फोटो, नक्शा आदि:**

**INDIA**



















**९) निष्कर्ष**

यो आयोजना समग्र २ नं.प्रदेशको प्रस्तावित राजधानीको रुपमा चिनिएको जनकपुर नगरीको विकासमा ठुलो सहयोगीका रुपमा रहने सम्भावनालाई माथी उल्लेख गरेका विषय वस्तुहरुले उजागर गरीरहेको छ । कार्यप्रगती हेर्दा यस आयोजनाका लागि आवश्यक कन्सल्टयान्टका प्राविधिक सहीत निरन्तर रुपमा कार्य संचालन भईरहेको देखिन्छ । माथी फोटोमा देखाइए अनुसारका वस्ती व्लकको समस्या ४६ वटा गाँउ वस्तीमा रहेको पाइयो । उक्त गाउँ वस्तीका घर टहराको मुअव्जा वितरण गर्ने गराउने र केही कुनै अन्यत्र जग्गा जमिन नभएका मानिसहरुको लागि वसोवास समेतको समस्या समाधान गर्ने समेतका चुनौतीपुर्ण कार्य यथाशिघ्र सम्पादन गर्नु गराउनु पर्ने नेपाल सरकारको दायित्व हुने हुदा यसलाई आवश्यक मुआव्जाको बजेट तुरुन्त आयोजना संचालन गर्ने कार्यालयलाई उपलव्ध गराई कार्य प्रगती थप ठोस वनाउन जरुरी छ । निर्माण कार्यको समस्याको रुपमा ठाउँ-ठाउँमा विभिन्न विषयमा कलभर्ट वनाउने, सडक विस्तार गर्ने जस्ता कार्यमा अनावश्यक हुने अवरोधलाई स्थानिय प्रशासनले समयमै हल गरी आयोजना कार्यान्वयनलाई मार्ग पदस्थ गर्नु गराउनु पर्दछ । समग्र राज्यको विकासको लागि समेत यो आयोजना र जनकपुर - जटही व्यापारिक मार्ग विस्तारीत आयोजनाको सामिप्यताले आर्थीक रुपमा टेवा पुर्याउन सक्ने हुदा यसलाई धार्मिक महत्वको रुपमा मात्र नवुजी आर्थीक विकासको लागि समेत वुझ्न जरुरी रहेको निष्कर्ष पेश गरेका छौ ।

**अनुगमन कर्ता**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

## राष्ट्रिय योजना आयोगको सचिवालय

## जिल्लागत आयोजना अनुगमन विवरण

**आयोजनाको नाम**: व्यापारिक मार्ग विस्तार योजना (जटही-जनकपुर-ढल्केवर) सडक

**जिल्ला:** धनुषा

**आयोजना प्रमुखको नाम:** राजेन्द्र प्रसाद दास **आयोजना शुरु मिति:** २०७१/०७२

**१. पृष्ठभूमि:**

- भारतीय भन्सार नाका पिप्रौन र रक्सौल मध्ये कलकता बन्दरगाह देखि जटही संगैको पिप्रौन नाका छोटो दुरीको रहेको छ | बिराटनगर र बिरगंज को मध्यमा रहेको यस क्षेत्रको विकासको लागि एक व्यापारिक मार्ग जटही देखि ढल्केवर सम्म जोड्ने उदेश्यले यो सडकको बिस्तार भइरहेको हो |

**आयोजनाको कार्य क्षेत्र :**

- पहिलो चरणमा आ.व. २०७१/७२ मा जटही -देखि जनकपुर सम्म (१३.७८१ कि.मी.) दुई वटा प्याकेज गरि निर्माणकार्य शुरु भएको र दोश्रो चरणमा जनकपुर देखि ढल्केवर (२६.१८५ कि.मि.) DPR तयार भई यस आ.व. मा बहुबर्षिय ठेक्कापट्टा गर्ने स्वीकृतिको लागि टिप्पणी पेश भएको |

**आयोजनाको उद्देश्य ( छोटकरीमा):**

- जटही-जनकपुर-ढल्केवर सडक व्यापारिक कोरिडोरको रुपमा बिकसित गर्नु |

**घर टहरा को मुआब्जाको अवस्था:**

- लगत तयार भई दररेट तथा मुल्यांकनको निर्णय भईसकेको र बजेटको आधारमा रही आंशिक सुचना प्रकाशित भई प्रक्रियामा रहेको (**३०५ वटा पक्कि घर र ४०६ वटा कच्ची घर हटाउनु पर्ने**)

**रुख बिरुवा हटाउने मुआब्जाको अवस्था:**

- लगत तयार भई दररेट पारीत भईसकेको र मुल्यांकन तथा सुचना प्रकाशित गर्ने प्रक्रियामा रहेको **(साना ठुला गरि जम्मा १७१८ वटा हटाउनु पर्ने)**

**समस्या:-**

vi गाउँ ब्लक अन्तर्गतका जग्गाहरुको स्वामित्व नेपाल सरकारमा रहेको हुँदा तहाँ अवस्थित रहेको घर टहरा तथा जग्गाको मुआब्जा वितरण चुनौतिपुर्ण भएको | मालपोत कार्यालय, धनुषाबाट हक भोगको आधारमा जग्गाको लालपुर्जा वितरणको लागि निर्णयार्थ फायल पेश भई भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा निर्णयको प्रक्रियामा रहेको |

vii नापीबाट कित्ताकाट हुँदा कतिपय कित्ता र क्षेत्रफल नमिलेको हुँदा Road Alignment मा विवाद रहेको |

viii घर टहराको मुआब्जा वितरण नभएसम्म विजुली, टेलिफोन आदि जस्ता सुविधाहरु स्थानान्तरण चुनौतिपूर्ण रहेको |

ix घर टहराको मुआब्जा वितरणको लागि थप बजेट व्यवस्था सम्बन्धी फायल पेश भएको |

x बिजुली पोल सार्नको लागि आवश्यक पर्ने बजेटको लागि नीतिगत निर्णय हुनु पर्ने |

**<u>आयोजनाको बर्तमान अवस्था:</u>**

**ठेक्का भएको संख्या: २** **बा.उ.शि.नं.: ३३७३१२-४**

**आयोजनाको सुरु मिति: २०७१/०७२** **योजनाको कूल लागत: १,५१,८४,४७,०००**

**यस आ.व. मा विनियोजित बजेट: ३७,४४,२६,०००**

**हाल सम्मको भौतिक प्रगति: १७.५३%** **हाल सम्मको वित्तीय प्रगति: १७.३३%**

| | <u>**प्याकेज १**</u> | <u>**प्याकेज २**</u> |
|---|---|---|
| ठेकेदारको नाम: | लामा-डाँफे-गोल्डेनगुड जे.भी. | लामा-डाँफे-धुकुछु जे.भी. |
| ठेक्का नं.: | 3373124/TRIP/JJ/071/72-01 | 3373124/TRIP/JJ/071/72-02 |
| सम्झौता मिति: | २०७२-०२-१४ | २०७२-०२-१७ |
| कार्य सम्पन्न मिति: | २०७४-१२-१२ | २०७४-१२-१५ (म्याद थप समेत) |
| शुरुको ल.ई. अंक | ५८३,८१६,५०४.३८ | ६४५,४४२,९६२.१६(भ्याट बाहेक) |
| ठेक्का सम्झौता रकम: | ३९५,०७१,४७०.०३ | ४३७,२१४,५७१.०६ (भ्याट बाहेक) |
| चेनेज: | ०+०००-७+००० | ७+०००-१३+७८१ |
| सडकको लम्बाई: | ७ कि.मी. | ६.७८१ कि.मी. |
| हाल सम्मको भौतिक प्रगति: | ११.३५% | २३.७१% |
| हाल सम्मको वित्तीय प्रगति: | १५.९६% | १८.५८% |

**२) आयोजनाको समग्र चिनारी:**

**(अ) श्रोत व्यवस्थापन**

(क) ब.उ.शि.नं.: ३३७३१२-४

(ख) खर्चको श्रोत: (१) नेपाल सरकार: √ (२) बैदेशिक: X

(ग) गत आ.व. को भौतिक प्रगति प्रतिशत: **८६.६६**

(घ) गत आ.व. सम्मको भौतिक प्रगति प्रतिशत: **५.१२**

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत: **९३.१७**

(च) गत आ.व सम्मको वित्तीय प्रगति प्रतिशत: **१३.५४**

(छ) आयोजनाको आ.व. ०७३/७४ को कार्यक्रम र बजेट सम्बन्धी विवरण

(१) चालु आ.व. को अखित्यारी र स्वीकृतिको चौमासिक विभाजन प्राप्त मिति: २०७३/०५/१४

(२) चालु आ.व. को बजेट निकासाको लागी माग गरेको मिति:

(३) चालु आ.व. को बजेट निकासा भएको मिति:

(४) बजेट निकासा हुन नसकेको भए सोको कारण: नरहेको

(ज) आयोजनाको चालु आ.व. को बजेट विवरण (रु. लाखमा)

| **चालु आ.व. को विनियोजित बजेट** | **हाल सम्मको निकासा** | **हाल सम्मको खर्च** | **कैफियत** |
|---|---|---|---|
| ३७४४.२६ | १४४.६६ | १४४.६६ | |

(झ) व्यवस्थापिका पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| स्काभेटर | ३ | जीप | २ | २ | | |
| लोडर | २ | मोटरसाईकल | ३ | ३ | | |
| ग्रेडर | २ | | | | | |
| रोलर | २ | | | | | |
| टिपर | ७ | | | | | |
| ट्र्याक्टर | २ | | | | | |
| मिक्सर मेसिन | २ | | | | | |

(२) जनशक्ति

| दरबन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी पर्याप्त/ अपर्याप्त |
|---|---|---|---|---|
| आयोजना प्रमुख | १ | | | |
| इन्जिनियर | ४ | १ | २ वर्ष | |
| सब इन्जिनियर | ४ | १ | २ वर्ष | |
| लेखा अधिकृत | १ | | | |
| लेखापाल | १ | | | |
| प्रशाशन | १ | | | अपर्याप्त |

आ) <u>अपेक्षित उपलब्धिहरु</u>

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनाको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | माटो फिलिंग | २.५ कि.मी. सम्पन्न हुने | ९.६५ | ३ कि.मी. सम्पन्न |
| २ | सबबेस/ग्रवेलिंग | २ कि.मी. सम्पन्न हुने | | |
| ३ | बेसकोर्स | २ कि.मी. सम्पन्न हुने | | |
| ४ | टेवा पर्खाल निर्माण | ०.३३ कि.मी. सम्पन्न हुने | | ०.२१ कि.मी सम्पन्न |
| ५ | पक्कि नाली | १ कि.मी. सम्पन्न हुने | | |
| ६ | पुलपुलेसा | १८ संख्या सम्पन्न हुने | | ५० संख्या सम्पन्न |
| ७ | अस्फाल्ट | २ कि.मी. सम्पन्न हुने | | |
| ८ | रोड फर्निचर | २ कि.मी. सम्पन्न हुने | | |
| ९ | जग्गा खरिद | ८७.९५ प्रतिशत सम्पन्न हुने | | १२.०५ प्रतिशत सम्पन्न |

## ३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रमानुसार)

| क्र.सं. | समस्या विवरण | समाधानका लागि गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | गाउँ ब्लकको स्वामित्व नेपाल सरकारमा रहेकोले मुआब्जा वितरण गर्न कठिनाई भएको | मालपोत कार्यालय मार्फत फाइल सहित भूमिसुधार मन्त्रालयमा पठाइएको | मालपोत कार्यालय मार्फत फाइल सहित भूमिसुधार मन्त्रालयमा पठाइएको |

| | | | |
|---|---|---|---|
| २ | सर्वे,डिजाइन अनुसारको कित्ताकाट नहुँदा जग्गा सम्बन्धी विवाद रहको | नापी संग समन्वय गरि पुनःकित्ताकाट गराउनु पर्ने | नापी संग समन्वय गरि पुनःकित्ताकाट गराउनु पर्ने |
| ३ | समयमै जग्गा नाप जांच गर्ने कर्मचारीको अभाव भएको | नापी बाट कर्मचारी खटाउनु पर्ने | नापी बाट कर्मचारी खटाउनु पर्ने |
| ४ | मालपोत कार्यालयबाट सडकको नाममा लालपुर्जा आउन समय लाग्ने देखिएको | मालपोत कार्यालयबाट सडक सम्बन्धी कामलाई प्राथमिकता दिनु पर्ने | मालपोत कार्यालयबाट सडक सम्बन्धी कामलाई प्राथमिकता दिनु पर्ने |
| ५ | बिजुलीका पोलहरु सार्न, मर्मत गर्न समय लाग्ने भएको | | |

## ४) यस आ.व.मा यस अघि भएको निरीक्षण विवरण

| क्र.सं. | निरीक्षण गर्ने पदाधिकारीको नाम,थर,पद र कार्यालय | निरीक्षण गरेको मिति |
|---|---|---|
| १ | अयोध्या प्रसाद श्रेष्ठ,क्षे.नि.,-मध्यमान्चल क्षेत्रीय निर्देशनालय | २०७३/०७/२८ |

## ५) स्थलगत निरीक्षणबाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु

**क) उल्लेखनिय क्रियाकलाप :**

१. माटो फिलिंग - ७ कि.मी मा कार्य भईरहेको

२. पुलपुलेसा - ६ संख्या मा कार्य हुने

३. टेवा पर्खाल - .३३ कि.मी. मा कार्य हुने

**ख) उल्लेखनिय प्रतिफल**

१. माटो फिलिंग : ३ कि.मी सम्पन्न

२. टेवा पर्खाल निर्माण : ०.२१ कि.मी सम्पन्न

३. पुलपुलेसा : ५० संख्या सम्पन्न (४७ वटा पाईप कल्भर्ट, ३ वटा स्लाब कल्भर्ट)

**ग) सबल पक्ष:**

- जटही-जनकपुर-ढल्केवर सडक व्यापारिक कोरिडोरको रुपमा बिकसित हुने ।
- यस सडकको पूर्ण कार्यान्वयन पश्चात स्थानियहरुको जीवन शैलीमा स्तरोन्नति हुने र बासिन्दालाई आगमन लगायत पेशा, व्यवसाय र रोजगारीमा वृद्धि हुने |


**घ) दुर्बल पक्ष:**

- गाउँ ब्लक अन्तर्गतका जग्गाहरुको स्वामित्व नेपाल सरकारमा रहेको हुँदा तहाँ अवस्थित रहेको घर टहरा तथा जग्गाको मुआब्जा वितरण चुनौतिपुर्ण भएको |
- नापीबाट कित्ताकाट हुँदा कतिपय कित्ता र क्षेत्रफल नमिलेको हुँदा Road Alignment मा विवाद रहेको |
- घर टहराको मुआब्जा वितरण नभएसम्म विजुली, टेलिफोन आदि जस्ता सुविधाहरु स्थानान्तरण चुनौतिपूर्ण रहेको |

**७) आयोजनाको सम्बन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु :**

- भारतीय भन्सार नाका पिप्रौन र रक्सौल मध्ये कलकता बन्दरगाह देखि जटही संगैको पिप्रौन नाका छोटो दुरीको रहेको छ | बिराटनगर र बिरगंज को मध्यमा रहेको यस क्षेत्रको विकासको लागि एक व्यापारिक मार्ग जटही देखि ढल्केवर सम्म जोड्ने उदेश्यले यो सडकको बिस्तार भइरहेको हो |
- जटही-जनकपुर-ढल्केवर सडक व्यापारिक कोरिडोरको रुपमा बिकसित हुने ।
- यस सडकको पूर्ण कार्यान्वयन पश्चात स्थानियहरुको जीवन शैलीमा स्तरोन्नति हुने र बासिन्दालाई आगमन लगायत पेशा व्यवसाय र रोजगारीमा वृद्धि हुने |

**८) आयोजना स्थलमा लिएको फोटो, नक्शा आदि:**




**९) निष्कर्ष :**

नेपालवाट भारत संगको सिमाना रहेका विरगंज, भैरहवा, विराटनगर,नेपालगंज र महेन्द्रनगर जस्ता शहर संग आवद्ध रहेका व्यापारिक मार्ग जतिको महत्व नरहेपनि सो पश्चातको अवश्थामा फर्केर हेर्दा यस नाकाले विरगंजको वैकल्पिक रुपमा पछीका दिनमा विकास गर्न सक्ने सम्भावनालाई नकार्न सकीदैन । २ नं. प्रदेशको विकासको लागि त यो दोश्रो नंम्वरको व्यापारिक मार्ग नै रहेको छ । यस नाकाले भारतको कलकता नाकासंग जोडीएर हुने व्यापार संग सम्वन्धता राख्न सक्दछ । तसर्थ यसको समस्याको रुपमा रहेको वस्ती व्लक लगायतका समस्या समाधान गर्दै आयोजनालाई सम्पन्नता तीर लैजान जरुरी रहेको निष्कर्ष राखेका छौ ।

<u>अनुगमन कर्ता</u>
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
जिल्लागत आयोजना अनुगमन विवरण

आयोजनाको नाम : तेस्रो साना शहरी खानेपानी आयोजना, पुर्व क्षेत्र, इटहरी
आयोजना प्रमुखको नाम : चन्द्रेश्वर शाह आयोजना शुरु : २०७२।०७३

## १.पृष्ठभुमि :

### क) चिनारी :-

नेपालमा वढदो जनसंख्याको चापलाई मौजुदा खानेपानी र सरसफाईको सुविधा गुणस्तर सहित पाउन आम जनतालाई अपर्याप्त रहेको छ । यहि परिपेक्षलाई अनुभुत गर्दै हाल द्रुत गतिले विकसित हुदै आएका साना शहरहरुमा गुणस्तरिय खानेपानी तथा सरसफाईको सुविधा उपलव्ध गराउन भनी खानेपानी तथा सरसफाई मन्त्रालयको खानेपानी तथा सरसफाई ढल निकास विभाग अर्न्तगत कुनै १ थप आयोजना पहिचान गरि राख्न जरुरी रहेको निष्कर्ष निकाल्न पुग्यो । जसको लागि राष्ट्रिय शहरी नितिका आधारमा तय भएको अद्यावधिक १५ वर्षिय विकास योजना (सन् २००१-सन् २०१५) ले २६५ वटा साना शहरको पहिचान गरेकोले ति शहरहरुमा शहरी खानेपानी तथा सरसफाई नीति,२०६६ ले तोकेको सेवा स्तरको परिभाषाका सुचकांक मा आधारित भई चरणवद्द रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सुविधा विस्तार गर्दै जाने लक्ष्य अनुसार साना शहरी खानेपानी तथा सरसफाई आयोजना संचालनमा ल्याइएको छ ।

**चरणगत रुपमा आयोजना**

- पहिलो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (आ.व.०५७।०५८-०६५।०६६) २९ वटा साना शहर
- दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (आ.व.०६६।०६७-०७१।०७२) २१ वटा साना शहर
- तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (आ.व.०७२।०७३-०७७।०७८) २६ वटा साना शहर

तेश्रो साना शहरी संचालन गर्ने क्रममा प्रथम चरणमा सम्पन्न पहिलो साना शहरी आयोजनाहरुको सुधारका लागि पनि आवश्यक व्यवस्थापन गरिने कार्यक्रम रहने छ ।

**साना शहर पहिचानका आधारहरु**

- जनसंख्या ५ हजार देखि ४० हजार सम्म रहेको
- सडक व्यवस्थामा १२ महिना मोटर चल्ने वाटोको सुविधा भएको
- भैतिक अवस्थामा विजुली, टेलिफोन, बैकिंङ सेवा, माध्यमिक विद्यालय र स्वास्थ चौकि रहेको ।

### ख) आयोजनाको अवधारणा

- नेपाल सरकार, उपभोत्ता वर्ग, स्थानीय निकायको सह-लगानी र लागत असुलीमा आधारित हुने
- आयोजनाको निर्माण, संचालन र संभारमा उपभोक्ता वर्गको स्वामित्व रहने गरी लैगिंक समानता र सामाजिक समावेशि सहभागिता रहने
- सेवाको गुणस्तर सुधार र सेवा स्तरमा वृद्दि आउने

**ग) आयोजनाको नीति**

- सह लगानी/लागत असुली तथा साझेदारी :
  - ➢ उपभोक्ताले योगदान रकम वापत अग्रिम नगद ५ प्रतिशत जम्मा गर्नु पर्ने छ
  - ➢ उपभोक्ताले आयोजना संचालनार्थ नगर विकास कोष संग २५ प्रतिशत ऋण लिने छन् (ऋणको व्याजदर ५ प्रतिशत सम्म हुने छैन,ऋण तिर्नलाई २५ वर्ष समयावधि रहनेछ )
  - ➢ पानी सेवा शुल्क वापत आयोजनाले असुल गरेको रकमवाट उपभोक्ता संस्थाले नगर विकास कोषलाई ऋण चुक्ता गर्दै जानेछ ।
- लैंगिक समानता र सामाजिक समावेशीकरण
  - ➢ महिला, पिछडिएका वर्ग तथा सिमांन्तकृत जोखिममा रहेका वर्गका लागि अभिमुखि तथा परामर्श कार्यक्रम संचालन गर्ने
  - ➢ लैंगिक समानता तथा सामाजिक समावेशिता अर्न्तगत रहि खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) लाई कायम राख्न महिला सशक्तिकरण र जिवनस्तर उत्थान साथै नेतृत्व विकास गरि स्वच्छ वातावरण कायम गर्न नियमित ध्यान दिदै आयोजना क्षेत्रलाई खुल्ला दिशामुक्त (ODF) घोषणा गर्ने
  - ➢ आयोजनाक्षेत्रका गरिव, महिलामुली घर धुरीलाई निशुल्क रुपमा धारा जडान गरिने
  - ➢ निर्माण व्यवसायिले दक्ष वा अदक्ष कामदारको रुपमा सिप हेरी महिला पुरुष विभेद नगरी समान ज्याला दिनुको साथै सवै मजदुरहरुको पेशागत स्वास्थ सुविधा प्रदान गरि पेशागत रुपमा कार्यरत रहदा चाहिने सुरक्षा सामाग्रिको उपलव्धता साथै खानेपानीको व्यवस्था र वस्ने ठाउको व्यवस्था गरेर मात्र काममा लगाउन पाउने
  - ➢ निर्माण व्यवसायिले कुल कामदार मध्ये कम्तिमा १५ प्रतिशत महिलालाई लिनु पर्ने
  - ➢ डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता टोलीमा सामुदायिक परिचालक खटाउदा प्रत्येक आयोजनामा ५० प्रतिशत महिला रहनुपर्ने १ जना मात्र खटाइएमा सो सिटमा महिलालाई नै परिचालन गर्नुपर्ने
  - ➢ खानेपानी उपभोक्ता समितिमा ३३ प्रतिशत महिला अनिवार्य राखिनुपर्ने
- प्रतिफलमा आधारित अनुदान
  - ➢ विपन्न गरिव तथा जोखिममा परेका वर्ग समुहलाई खानेपानीको आपुर्ति तथा सरसफाईको सेवा सहज उपलव्ध गराउन राहत स्वरुप आर्थिक रकम प्रदानका लागि तोकिएको आधारमा पहिचान तथा छनोट हुने घर धुरिमा निजी धारा जडान तथा चर्पि निर्माण भएको प्रमाणको आधारमा उपभोक्तालाई अनुदान दिइनेछ ।
- पारदर्शिता र उत्तरदायित्व
  - ➢ आयोजनाको समग्र कामकाज पारदर्शिरुपमा यसको निर्देशिका का अतिरिक्त तोकिएका अन्य नियमअनुसार हुनेछ
  - ➢ उपभोक्ता र उपभोक्ता समितिले आफ्नो उत्तरदायित्व जवाफदेहि ढङगले नियमित रुपमा वहन गर्नु पर्ने छ
  - ➢ आयोजना संचालन गर्ने कार्यालय र खटिएका कन्सल्टेन्सिहरुले पारदर्शिरुपमा आफ्नो उत्तरदायित्व जवाफदेहिताका साथ वहन गर्ने छन् ।

**घ) आयोजनाको उदेश्य**

- आयोजना क्षेत्रका उपभोक्ताहरुको जिवनस्तरमा यस आयोजनाको माध्यमवाट सुधार ल्याउने
- दिगो तथा समावेशी खाने पानी तथा सरसफाई सेवा प्रदान गर्ने ।

**ङ) तेस्रो साना शहरी आयोजनाको कार्यक्षेत्र**

- खानेपानी तथा सरसफाई पुर्वाधारको सुधार तथा विस्तार (८१.८ मिलियन अमेरिकी डलर)
  - ➢ खानेपानी संरचनाको निर्माण तथा स्तरोन्नति गरिने
  - ➢ १४५० कि.मि. पाइपलाइन विस्तार गरिने
  - ➢ २६ शहरमा २६ वटा पानी प्रसोधन संयन्त्र निर्माण गरि करिव ७० हजार घ.मि. पानी सुदृढिकरण गरि आपुर्ति गरिने
  - ➢ गरिवीका रेखामुनीका २० हजार ३ सय घर धुरी लाई निजि चर्पि निर्माण गरिने
  - ➢ सामुदायिक सरसफाई सेप्टी टयाङ्कि सहितको २६ वटा सामुदायिक सौचालय निर्माण गरिने
  - ➢ सेप्टी टयाङ्कि बाट निस्कने लेदो व्यवस्थापन र फोहोरपानी प्रसोधन व्यवस्थापनलाई प्रसोधन संयन्त्र निर्माण गरिने
  - ➢ पानीको चुहावट नियन्त्रणका लागि आवश्यक मर्मत सुधारका साथ चुहावटको दर १० प्रतिशत नाग्न नदिने ।
- क्षेत्रगत नीतिनियम संस्थागत क्षमता तथा सेवा प्रदानमा सशक्तिकरण (३.४मिलियन अ.डलर)
  - ➢ आयोजनाहरुमा शुल्क निर्धारण निर्देशिका अनुसार पानी महशुल दर लागु गरिने
  - ➢ विभाग अर्न्तगत ISSAB गठन गरि खानेपानी तथा सरसफाई आयोजनाहरुको दिगो पना कायम राख्न पहल गर्ने
  - ➢ खानेपानी उपभोक्ता संस्थाको लागि आवश्यक व्यवसायि योजना तयार गर्न को साथै कार्यान्वयन गर्न लगाउने
  - ➢ नगरविकास कोषको वित्तिय लगानी तथा मध्यस्थता गर्ने क्षमता सशक्तिकरण गर्नको लागि आवश्यक पहल गर्ने
  - ➢ आयोजनाको फोहरमैला व्यवस्थापन कार्य योजना तयार गर्ने
  - ➢ उपभोक्ता संस्थाहरुलाई आवश्यक पर्ने प्राविधिक, आर्थिक तथा व्यवस्थापन सम्वन्धि आवश्यक तालिम प्रदान गर्ने
  - ➢ कम्प्युटर प्रणालि द्धारा विल तयारी तथा आय-व्यय विवरण तयार गर्न तालिम दिने तथा सहयोग गर्ने
  - ➢ उपभोक्ता संस्थाका पदाधिकारीको नेतृत्व क्षमता विकासका लागि तालिम व्यवस्था गर्ने
  - ➢ फोहोरमैला व्यवस्थापन, पानी संरक्षण, खानेपानी सरसफाई तथा स्वास्थ वृद्दि (WASH) का लागि जनचेतनामुलक कार्यहरु संचालन गर्ने

- आयोजना कार्यान्वयन प्रक्रियामा सुधार (९.८ मिलियन अमेरिकी डलर)
    - आयोजना व्यवस्थापन गर्नका लागि पुर्वमा १ वटा इटहरी र पश्चिममा १ वटा नेपालगंजमा क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालय रहने
    - क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालयमा आयोजनाहरुको डिजाइन, अनुगमन तथा व्यवस्थापनका लागि परामर्श दातृ टोली (DSMC) को व्यवस्था गर्ने
    - आयोजना स्थलमा छुट्टै आवश्यक इञ्जिनियर, वातावरण अधिकृत र सुपरभाइजर सहितको परामर्शदाताहरुको टोली कार्यरत रहने
    - आयोजना कार्य तालिका अनुसार आयोजनामा भईरहेको कार्य प्रगतिको स्थिति के कस्तो छ आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालयले आयोजनामा कार्यरत परामर्शदाताहरुको सहयोगमा नियमित अनुगमन गरि कार्य प्रगतिको प्रतिवेदन दिने र सो को अर्धवार्षिक तथा वार्षिक कार्य प्रगति समिक्षा गर्नु पर्ने

**च) तेस्रो साना शहरी आयोजनाको लागत तथा खर्च व्यहोरिने श्रोत**

- निर्माण सम्पन्न भएका आयोजनाहरुको आयोजना सम्पन्न पश्चात २ वर्षिय मर्मत संभार को अवधि पश्चात सो को सम्पुर्ण जिम्वेवारी खानेपानी उपभोक्ता समितिको नै हुनेगरि यस आयोजनाको तर्जुमा गरिएको छ । यस आयोजना अर्न्तगत २६ वटा आयोजना तय गरिएको छ तर भर्खरै भएको पुनः मुल्याकंनमा १९ वटा मात्र सम्पन्न हुने गरि प्राप्त वजेट रहने अवस्था देखिन्छ ।

**<u>लागत खर्च विवरण</u>**

- ऋण सम्झौता नेपाल सरकार ADB का विच भएको
- आयोजना संचालन अवधि अक्टोवर २०१४- जनवरी २०२१ सम्म रहने
- कुल खर्च रु. १०,९२,००,०००।- अमेरिकी डलर

**<u>कुल खर्चमा सहभागिता विवरण</u>**

| | |
|---|---|
| ➢ नेपाल सरकार | २३.३ अमेरिकी डलर (२१.४ प्रतिशत) |
| ➢ एशियाली विकास वैंक | ६० अमेरिकी डलर (५४.९ प्रतिशत) |
| ➢ ओपेक फण्ड | २० अमेरिकी डलर (१८.३ प्रतिशत) |
| ➢ सरसफाई ट्रस्ट फण्ड | १.३ अमेरिकी डलर ( १.२ प्रतिशत) |
| ➢ उपभोक्ता | ४.५ अमेरिकी डलर ( ४.२ प्रतिशत) |

## २. आयोजनाको प्रभाव असर र प्रतिफल तहको अनुमान

**क) प्रभाव तह :**

- सन् २०२३ सम्ममा २६ वटा नगर आयोजनाहरुमा झाडापखाला वाट ५ वर्ष मुनिका वालवालिकाहरुको मृत्यु दर सन् २०११ को तथ्याङ्क अनुसार प्रतिहजार १४० जना रहेकोमा प्रतिहजार मृत्युदर ९८ जनामा झार्ने
- यी शहरहरुको आयोजना स्थलमा प्रतिदिन प्रति परिवार पानी ओसार्न सन् २०१४ को तथ्याङ्क अनुसार ४० मिनेट रहेको समयलाई सन् २०२३ मा शुन्य मा झार्ने

उक्त सुचकहरुका आधारमा आयोजनाका शहरवासीहरुको जिवन स्तरमा सुधार ल्याउने नीतिलाई असर तहमा रहेको क्षेत्रगत सुधार तथा कार्यान्वयनहरुमा संघिय ढाँचा तथा स्थानिय तहको निर्वाचनले वाधा पार्ने छैन भनि पुर्व अनुमान गरिएको छ ।

**ख) प्रतिफल तह :**

- सन् २०२० सम्ममा ३ लाख ९० हजार जनतालाई १२ महिना २४ घण्टा खानेपानी सुविधाका लागि आवश्यक प्रतिदिन प्रतिव्यक्ति १०० लिटर पानीको व्यवस्था हुने
- सन् २०२० सम्ममा आयोजनाका वासिन्दाका लागि सुधारिएको सरसफाई सुविधा उपलब्ध भई आयोजना क्षेत्र खुला दिसामुक्त क्षेत्र घोषणा हुने
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २००५ अनुसार खानेपानीको गुणस्तर कायम गरि खानेपानीलाई उपभोक्ता संस्थावाटै शुल्क निर्धारण निर्देशिका तथा व्यवस्थापन संम्झौताको माध्यमवाट संस्थागत सुदृढिकरण गर्ने
- खानेपानी तथा सरसफाई सुविधा संचालन तथा मर्मतमा ८० प्रतिशत तथा लागत असुलीमा २५ प्रतिशत सफलता सन् २०२० सम्ममा प्राप्ती गर्ने

उपरोक्त सुचकांकका आधारमा आयोजना क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण समेतवाट खानेपानी तथा सरसफाईको दिगो सेवाको प्रतिफल तह कायम गर्ने नीति कार्यान्वयनको लागि यसको चुनौतिको रुपमा क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालय तथा उपभोक्ता समितिमा दक्षता प्राप्त गराई प्राप्त मानव साधनको उपलव्धता दिलाई सुल्क वृद्दिलाई समय सापेक्ष कार्यान्वयन तथा क्षेत्रिय क्षमता अभिवृद्दि इकाई, उपभोक्ता संस्थाको आर्थिक प्रतिवेदनमा सुद्दता र तथ्थगत उपलव्धताको प्राप्तिमा जटिलता नआउने गरि असर तहलाई व्यवस्थापन गरि आयोजना कार्यान्वयन गर्न सकिनेछ भन्ने प्रतिफल तहको अपेक्षा राखिएको छ ।

**ग) आशातित प्रतिफलहरु :**

- सन् २०२० सम्ममा सुधारिएको खानेपानी तथा सरसफाई पुर्वाधार विकास निम्ति
  - करिव १४५० कि.मि. पाइप लाइन जडान हुने
  - ७८ हजार अतिरिक्त घरधुरिका धारा जडान हुने
  - पानी प्रशोधन संयन्त्र निर्माण भई ६९,६८० घ.मि. पानी प्रतिदिन शुद्धिकरण हुने
  - करिव २०,३०० निजि चर्पि गरिवीका रेखा मुनिका जनताका लागि निर्माण हुने
  - २६ वटा सेफ्टी टयाङ्की सहितका सार्वजनिक शौचालय निर्माण हुने
  - १४ वटा ट्रिटमेन्ट केन्द्र तथा २ वटा विकेन्द्रित फोहोर पानी प्रशोधन संयन्त्र निर्माण हुने
  - आयोजना शहरहरुको ढल निर्माणका लागि गुरु योजना तयार हुने
  - ५ वटा वाढि प्रभावित हुन सक्ने आयोजनाहरुमा प्राथमिकताका आधारमा सतही ढल निर्माण हुने
  - ५ वटा प्रथम शहरी खानेपानी आयोजना सुधार तथा विस्तार हुने
  - पानीको चुहावट नियन्त्रण गरि १० प्रतिशत कायम गर्ने

- सन् २०२० सम्ममा क्षेत्रगत नीति नियम संस्थागत क्षमता तथा सेवा प्रभावमा सशक्तिकरणका लागि :
    - सवै आयोजनाहरुमा शुल्क निर्धारण निर्देशिका लागु भई कार्यान्वयन हुने
    - विभागमा संस्थागत सेवा र सहयोग परामर्श इकाई स्थापना हुने
    - विभाग, राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र, क्षेत्रिय क्षमता अभिवृद्दि इकाई र खानेपानी उपभोक्ता समितिका लागि व्यवसायिक योजना लागु हुने
    - नगर विमा कोषको सशक्तिकरण गर्दे साना शहरहरुमा लगानिका लागि अनुकुल हुनेगरि पुन : संरचना हुने
    - फोहोरमैला व्यवस्थापन योजना तयार हुने
    - २६ वटै आयोजनाको उपभोक्ता समितिका महिला पदाधिकारीहरुको लागि नेतृत्व विकास सम्वन्धि दक्षता अभिवृद्दि हुने
    - २६ आयोजना स्थलका २०० जना ( प्राविधिक तथा कर्मचारी ) लाई प्राविधिक आर्थिक तथा व्यवस्थापकिय पक्ष तालिमवाट दक्षता अभिवृद्धि हुने (महिलाको हकमा १०० प्रतिशत नै हुने)
    - सम्पन्न आयोजनाको आय-व्यय विवरण साथै विलिङ कम्प्युटर प्रविधिवाट हुने
    - विपन्न २०,३०० घर धुरीलाई पानी संरक्षण, फोहोरमैला व्यवस्थापन, जिवन स्तर उत्थान, पानी सरसफाई र स्वस्थताको वारेमा जानकारी हुने

    यसका लागि असर तहमा हेर्दा ISSAU र NWSSTIC का लागि दक्ष कर्मचारीहरुको व्यवस्था सरकारले समयमानै गर्ने र खानेपानी तथा सरसफाई क्षेत्रमा नगर विकास कोषको भुमिका सुदृणिकरणका लागि सरकारले गरेको प्रतिवद्दताको निरन्तरता रहने विषयहरु यसको चुनौतिका रुपमा रहेको छ ।
- सन् २०२० सम्ममा आयोजना कार्यान्वयनमा सुधारका लागि
    - आयोजना व्यवस्थापन कार्यालय तथा क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालयका कर्मचारीहरु आयोजना व्यवस्थापनका वारेमा पुर्ण दक्ष हुने
    - निर्धारित वजेट र समयसिमा भित्रै आयोजना सम्पन्न हुने

## ३. आयोजना व्यवस्थापनको कार्य प्रक्रिया :

तेश्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना कार्यान्वयन निर्देशिका, २०७१ अनुसार आयोजना कार्यान्वयन व्यवस्थापन भएको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

- आयोजना संचालनको लागि आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालयले आयोजना माग सम्वन्धमा अनुसुचि १ बमोजिम सार्वजनिक सुचना जारी गर्ने
- आयोजनाको भेरिफीकेशन र प्री-फीजीवीलीटी लाई प्राविधिक टोली खटी मापदण्ड अनुसार उपयुक्त देखिएका आयोजनाहरुको प्रारम्भीक छनोट गरी सम्वन्धित समुदाय तथा स्थानिय तहलाई जानकारी गराउने
- आयोजनाको अनुमोदन गराई जिल्ला परिषदवाट अनुसुची २ बमोजिम प्री-फीजीवीलीटी रिर्पोट लिई अनुसुची ३ अनुसार नगर छनोट मापदण्ड भराई प्राविधिक अध्ययन प्रतिवेदन समेत लिने

- उपभोक्ता समिति गठन गरि नगर आयोजना सहमति पत्र स्थानिय निकायको प्रतिवद्दता अनुसुचि ४ वमोजिम लिई अनुसुचि ५ वमोजिम वित्तिय सम्झौता गरि अनुसुची ६ वमोजिम आयोजना व्यवस्थापन सम्झौता पत्र बनाई अनुसुची ७ बमोजिम नगर विकास कोष र उपभोक्ता समितिको विच ऋण सम्झौता गरिने
- अनुसुची ८ बमोजिम उपभोक्ता तथा सरसफाई संस्थाको विधान हुने र अनुसुची ९ बमोजिम खानेपानी तथा सरसफाई आयोजनामा स्वास्थ र शिक्षा कार्यक्रम सम्पादन गरिने साथै अनुसुची १० बमोजिम प्रतिफलमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने
- अनुसुची ११ वमोजिम आयोजनामा लैगिंक समानता र सामाजिक समावेशी कार्यक्रम हुने
- अनुसुची १२ वमोजिम Resettlement Framework ( entitlement matrix) हुने
- अनुसुची १३ वमोजिम धारा जडानको दरखास्त , अनुसुची १४ वमोजिम आयोजना सम्पन्न पश्चात लाभको अनुगमन तथा मुल्याकंन अनुसुची १५ वमोजिम खानेपानी सेवाको स्तरहरु र अनुसुची १६ वमोजिम आयोजना कार्य प्रक्रियामा हुने भुमिका र जिम्मेवारी क-कसको भन्ने समेतको विवरणहरु रहेका अनुसुचीहरु अनुसार आयोजना संचालनलाई यस निर्देशिकाले स्पष्ट दिशा निर्देश गरेको देखिन्छ ।

## ४. आयोजनाका सवल पक्षहरु :

- एकिकृत रुपमा खानेपानी स्वास्थ र सरसफाई का क्रियाकलापहरु संचालन भएको
- उपभोक्ताहरुलाई स्वच्छ पानी, सफा चर्पी प्रयोगमा ल्याई उनिहरुको वानी व्यवहारमा सकारात्मक परिवर्तन आएको
- साना-शहरहरुको वातावरणिय सरसफाई तथा सो को सन्तुलनमा योगदान पुगेको
- सेवा शुल्क निर्धारण र लागत असुली अवधारणाले आयोजनालाई दिगो बनाउन सक्ने देखिएको
- आयोजना क्षेत्रका विपन्न वर्गलाई समेटने गरि आयोजना संचालन भएको
- समावेशीताको अभ्यासमा टेवा पुगेको

## ५. आयोजनाका दुर्वल पक्षहरु :

- आयोजनाको कार्य तालिकामा अस्थिर राजनितीले अवरोध सृजना गरेको
- खानेपानी र सरसफाई क्षेत्रका नीति कानुनमा एकरुपता नभएकोले कार्यान्वयन मा व्यवहारिक रुपले सधै समस्या रहेको
- सेवा शुल्क निर्धारण र लागत असुलीको अवधारणा कार्यान्वयन गर्न कठिन भएको (अन्य आयोजना को भन्दा यसको न्युनतम शुल्क कम्तिमा दोव्वर मंहगो भएको)
- उपभोक्ताहरुले सरसफाईमा एथेष्ट ध्यान नदिने प्रवृत्तिले गर्दा निजी धारा जडान, चर्पी निर्माण जस्ता कार्यमा कमि आई सेवा शुल्क संकलनमा समस्या सिर्जीत भई आयोजना संचालनमा समस्या देखिएको
- सार्वजनिक निर्माण कार्य तथा आवश्यक खरिद प्रक्रियामा अस्वस्थ मिलोमतो आयोजनामा असर पुग्ने देखिएको

- उपभोक्ता समितिको दक्षता र क्षमता कमि भई लक्ष्य अनुरुप सेवा शुल्क उठन नसकेको उठेको रकम समेत संचालन तथा संभार खर्चमा गई नगर विकास कोषको ऋण तिर्न लाई तिर्ने रकम असुलीमा कठिन भएको,
- ५ प्रतिशत अग्रिम रकम समयमै संकलन नहुने गरेकाले आयोजना कार्यान्वयनमा असर पुगेको
- निर्माण प्रक्रियामा उपभोक्ता समिति , नेपाल सरकार र एशियाली विकास बैंक समेतको सहभागिता हुने हुदा दाताको शर्त अनुसार कार्य सम्पादन गर्न गराउन कठिन भएको,
- २५ प्रतिशत सहभागिता रकम तिर्दा आयोजनाको मर्मत संभार गर्न गराउन अति कठिन भएको

## ६.आयोजनाको स्थलगत अनुगमन एक संक्षिप्त जानकारी

तेश्रो साना शहरी क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालय अर्न्तगत ५ वटा साना शहरी खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेको छ । जुन यस प्रकार छ :

- कटारी तेश्रो साना शहरी आयोजना उदयपुर
- राम नगर मिर्चैया तेश्रो साना शहरी खानेपानी आयोजना सिराहा
- महेन्द्र नगर तेश्रो साना शहरी खानेपानी आयोजना सुनसरी
- सखुवा महेन्द्र नगर तेश्रो साना शहरी खानेपानी आयोजना धनुषा
- चारआली तेश्रो साना शहरी खानेपानी आयोजना झापा

### क) सखुवा महेन्द्रनगर तेश्रो साना शहरी खानेपानी आयोजना धनुषा

**ठेक्का प्रक्रिया**

- ठेकेदार TAEC-ICON JV and Raman Construction Pvt.Ltd
- सम्झौता मिति : जुन ८, २०१५
- कार्यसम्पन्न गर्नुपर्ने मिति डिसेम्वर १४,२०१६
- सम्झौताको रकम १२ करोड ४ लाख

**प्रगति अवस्था**

- गत आ.व.को भौतिक प्रगति ५७.८७ प्रतिशत
- गत आ.व.सम्मको भौतिक प्रगति ५९.३७ प्रतिशत
- गत आ.व.को वित्तिय प्रगति २७.५७ प्रतिशत
- गत आ.व.सम्मको वित्तिय प्रगति ४७.१३ प्रतिशत
- जनवरी २०१७ सम्मको भुक्तानी वित्तिय रकम रु.८ लाख ५ हजार
- जनवरी २०१७ सम्मको वित्तिय प्रगति ६७ प्रतिशत
- जनवरी २०१७ सम्मको भौतिक प्रगति ७८ प्रतिशत

**कार्यसम्पादनका विषयवस्तुहरु र प्रगती**

- २२५ घ.मि.को ओभरहेड टयाङ्की १ थान कार्य सम्पन्न भएको
- कम्पाउण्डवाल १ थान कार्य सम्पन्न भएको
- डिप टुवेल ३ थानमा २ थान जडान भएको

- पाइपलाइन ५० कि.मि.मा ४८ कि.मि विच्छ्याइएको
- धारा जडान २०१५ वटामा ४५० वटा जडान भएको
- जेनेरेटर १ थान जडान भएको
- सार्वजनिक शौचालय १ थान निर्माण भएको
- O.B.A टवाइलेट ६२६ वटामा ८८ वटा वनेको
- एरिएटर १ थान निर्माण कार्य सम्पन्न भएको
- ट्रान्सफर्मर १ थान जडान कार्य वाँकी देखिएको

यस आ.व.लाई तोकिएको वजेट ४ करोड ५० लाख को अक्तियारी २०७३।०६।०२ सम्ममा प्राप्त भई कार्य प्रगति सन्तोषजनक रहेको यस आयोजनाबाट करिव ११ हजार जनता लाभान्वित हुने देखिएको ।

**सखुवा महेन्द्र नगर खानेपानी आयोजनाको मुख्य समस्याहरु**

- ५ प्रतिशत उठान गरिएको नगद खातावाट निकालिएको देखिदा यथाशिघ्र परिपुर्ति गर्नुपर्ने र वास्तविक रुपमा उक्त रकम उठान भएको छैन भने तत्कालै उठान गरि खातामा जम्मा गर्ने र आइन्दा यस्तो अवस्था आउन नदिने गरि आयोजनामा सुधार गर्नु पर्ने ।
- उपभोक्ता समिति आयोजनाको आवश्यकता अनुसार क्रियाशिल नहुदा गत आ.व.को वित्तिय प्रगति २७.५७ मात्र हुन गएकोले समितिमा सुधार ल्याउन आवश्यक कदमहरु चाल्नु पर्ने ।
- बाकी कार्य समयमै सम्पादन गर्न गराउन थप ६ महिनाको अवधिमा समेत कार्य सम्पन्न हुनलाई धारा जडान र O.B.A टवाइलेट निर्माणमा भएका समस्याको यथाशिघ्र समाधान गरि प्रगति हासिल गर्नुपर्ने ।

**ख) चारआली तेश्रो साना शहरी खानेपानी आयोजना**

- ४५० घ.मि.को पानी टयाङ्की सहितको २७८१ वटा निजि धारा जडानलाई ७२ कि.मि. पाइपलाइन विस्तार कार्य सम्पन्न भएको र O.B.A टवाइलेट १४६ वटा निर्माण भै रहेको
- कुल लागत २० करोड २१ लाख रहेको यस आयोजनाको सम्झौता ८ जुन २०१५ मा भई डिसेम्वर १४, २०१६ मा सम्पन्न गर्नु पर्नेमा ६ महिना म्याद थप गरि सम्पन्न हुने अवस्थामा रहेको
- हालसम्म टि.ओ.डी मिटर प्राप्त नभएकोले पटक पटक नेपाल विद्युत प्राधिकरणको जिल्ला शाखा भद्रपुरलाई पत्राचार भएको टि.ओ.डी. मिटर जडान पश्चात धारा जडान कार्य हुने भएको
- हाल सम्मको भौतिक प्रगति ८० प्रतिशत भएको भौतिक प्रगतिमा ठेक्का अनुसार निर्माण व्यवसायिवाट कार्य सम्पादन हुन नसकेकाले लक्ष्य पुऱ्याउन थप प्रगति आउनु पर्ने देखिएको

## (७) आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि

## आयोजना स्थल सखुवा महेन्द्रनगर








योजना :
नेपाल सरकार
शहरी विकास मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
परामर्शदाता :
निर्माण व्यवसायी :
सम्झौता मिति :
सुरु मिति : जून १५,२०१५
सम्पन्न गर्नुपर्ने मिति : डिसेम्बर १४,२०१६
Employer: Government of nepal
Ministry of Urban Development
Department of water Supply
Sewerage
Third small town water Supply
Consultant: TAEC Consult Pvt. Ltd. Joint
Contractor: M/s Raman Construction
Agreement date:
Start date: Jun 15, 2015
Intended Completion date: December 14,


JCB
JCB
JCB



आयोजना स्थल Charali TSTWSSSP

**Component wise work status upto 7th February**

| S.No. | Component | Completed Item | Ongoing Item | Remarks |
|---|---|---|---|---|
| 1. | OHT | Concreting up to third lift (3.6 m height) of cylindrical wall. | Placing formwork for 4th lift of cylindrical wall | |
| 2. | WUSC Office Building | Concreting up to 1st floor roof slab & beam with staircase steps | Fixing shutter of door & windows and painting works | |
| 3. | Generator/ Operator House | Concrete in Beam, Slab & stair (90%) | concealing the sanitary pipe on toilet and<br>Fixing shutter of door | |
| 4. | Deep Tube Well-II | MS pipe lowering, Pumping test, Gravel packing. | Remains to lower the pump & construct the platform | |
| 5. | Submersible Pump | Approval to the contractor for procurement of pump | Procurement is in process | |

| | | | | |
|---|---|---|---|---|
| 6. | Boundary Wall | Brick masonry wall with angle post & partial plastering (100%) | Wall plastering completed and painting work is ongoing. | |
| 7. | Public Toilet | Completed up to beam & slab (100%) | Plastering work completed and painting work and plumbing are ongoing. | |
| 8. | DI Pipes | Delivered HDPE pipes as per BOQ 200 m of DI pipe has been laid. | DI pipe lying is ongoing. | |
| 9. | HDPE & DI Fittings | Delivered HDPE fitting and partial DI fittings. | Remaining DI fittings being delivered. | |
| 10. | HDPE Pipe line works | Laid 57.8 km out of 68km (80%) | HDPE Pipe lying work has stopped. | |
| 11. | E/M Components | Generator set, Panel board, Stabilizer delivered at site. | plan for installing Stabilizer, panel board etc. | |
| 12. | Guard Quarter | Inner side plastering Completed. | Outer side plastering work is ongoing. | |
| 13. | HH connection | all house connection fittings has been delivered at site | Plan to start HH connection from today. | |





**Charali Third Small Town Water Supply & Sanitation Sector Project, Duwagadi, Dhaijan, Jhapa**
**Final Namelist of OBA Beneficiaries**

| S. No. | Applicant's Name | VDC | Ward No. | Gender | | Pop$^n$ of HH | Toilet status | Monthly Income | Single Headed | Differently abled | Ethnicity |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | M | F | | | | | | |
| 1 | Chandra Kumar Das | Duwagadi | 4 | 5 | 3 | 8 | No | 6000 | No | No | Aadibasi |
| 2 | Goma Urau | Duwagadi | 4 | 2 | 3 | 5 | No | 6000 | No | No | Alpasankhya |
| 3 | Islam Md Miya | Duwagadi | 4 | 3 | 1 | 4 | No | 5000 | Yes | Yes | Muslim |
| 4 | Khadga Bdr Magar | Duwagadi | 4 | 2 | 4 | 6 | No | 5000 | Yes | No | Janajati |
| 5 | Krishna Bdr Rasaili | Duwagadi | 4 | 3 | 2 | 5 | Yes | 5000 | No | No | Dalit |
| 6 | Phul Maya Khajum | Duwagadi | 4 | 2 | 2 | 4 | No | 5000 | No | No | Alpasankhya |
| 7 | Rita Thapa Khatiwada | Duwagadi | 4 | 2 | 1 | 3 | No | 5000 | No | No | Brahmin/ Chettri |
| 8 | Bal Ram Tamang | Duwagadi | 4 | 3 | 1 | 4 | No | 7500 | No | No | Janajati |
| 9 | Leela Mati Rajbanshi | Duwagadi | 4 | 3 | 3 | 6 | No | 7000 | No | No | Aadibasi |
| 10 | Nara Bdr Limbu | Duwagadi | 4 | 3 | 1 | 4 | Yes | 7000 | No | No | Janajati |
| 11 | Arjun Rajbanshi | Duwagadi | 5 | 4 | 2 | 6 | No | 6500 | No | No | Aadibasi |
| 12 | Asaru Rajbanshi | Duwagadi | 5 | 2 | 5 | 7 | No | 4000 | No | No | Aadibasi |
| 13 | Babu Lal Rajbanshi | Duwagadi | 5 | 3 | 3 | 6 | No | 5000 | No | No | Aadibasi |
| 14 | Chancal Rajbanshi | Duwagadi | 5 | 3 | 2 | 5 | No | 5000 | No | No | Aadibasi |
| 15 | Dev Kumari Rajbanshi | Duwagadi | 5 | 1 | 3 | 4 | No | 7500 | No | No | Aadibasi |
| 16 | Dilli Ram Khatri | Duwagadi | 5 | 2 | 1 | 3 | No | 5000 | Yes | No | Brahmin/ Chettri |
| 17 | Hare Ram Rajbanshi | Duwagadi | 5 | 2 | 2 | 4 | No | 5000 | No | No | Aadibasi |
| 18 | Kali Bdr Limbu | Duwagadi | 5 | 1 | 3 | 4 | Yes | 3000 | No | No | Janajati |
| 19 | Lohotu Rajbanshi | Duwagadi | 5 | 2 | 2 | 4 | No | 5000 | No | No | Aadibasi |
| 20 | Mahanga Rajbanshi | Duwagadi | 5 | 2 | 1 | 3 | No | 5000 | Yes | No | Aadibasi |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 21 | Mansari Rajbanshi | Duwagadi | 5 | 3 | 1 | 4 | No | 7000 | No | No | Aadibasi |
| 22 | Puspa Lal Rajbanshi | Duwagadi | 5 | 3 | 1 | 4 | No | 6000 | No | No | Aadibasi |
| 23 | Rajesh Rajbanshi | Duwagadi | 5 | 3 | 4 | 7 | No | 7000 | No | No | Aadibasi |
| 24 | Sampha Rajbanshi | Duwagadi | 5 | 2 | 2 | 4 | No | 4000 | No | No | Aadibasi |
| 25 | Sarala Ravi Das Meche | Duwagadi | 5 | 1 | 3 | 4 | No | 6000 | No | No | Aadibasi |
| 26 | Shyamal Rajbanshi | Duwagadi | 5 | 3 | 2 | 5 | No | 6000 | No | No | Aadibasi |
| 27 | Som Laal Rajbanshi | Duwagadi | 5 | 3 | 4 | 7 | No | 5000 | No | No | Aadibasi |
| 28 | Sukh Maya Sherpa | Duwagadi | 5 | 1 | 2 | 3 | No | 7000 | No | No | Janajati |
| 29 | Sunil Sherpa | Duwagadi | 5 | 1 | 2 | 3 | No | 8000 | No | No | Janajati |
| 30 | Gopal Pd Pun | Duwagadi | 6 | 1 | 2 | 3 | Yes | 7000 | No | No | Janajati |
| 31 | Hindu Urau | Duwagadi | 6 | 1 | 1 | 2 | No | 6000 | No | No | Alpasankha |
| 32 | Prem Hemrum | Duwagadi | 6 | 2 | 1 | 3 | No | 7000 | No | No | Alpasankha |
| 33 | Sarta/Purna Rajbanshi | Duwagadi | 6 | 3 | 1 | 4 | No | 7000 | No | No | Aadibasi |
| 34 | Sukumar Rajbanshi | Duwagadi | 6 | 1 | 3 | 4 | Yes | 7000 | No | No | Aadibasi |
| 35 | Tammar B Shrestha | Duwagadi | 6 | 3 | 2 | 5 | Yes | 6000 | No | No | Janajati |
| 36 | Ballam Singh Rajbanshi | Dhaijan | 1 | 1 | 1 | 2 | No | 5000 | No | Old | Aadibasi |
| 37 | Faitu Rajbanshi | Dhaijan | 1 | 1 | 1 | 2 | Yes | 5000 | No | Old | Aadibasi |
| 38 | Hansa Rajbanshi | Dhaijan | 1 | 2 | 3 | 5 | No | 6000 | No | No | Aadibasi |
| 39 | Hari Priya Rijal | Dhaijan | 1 | 2 | 2 | 4 | Yes | 7000 | No | No | Brahmin/ Chettri |
| 40 | Laal Singh Rajbanshi | Dhaijan | 1 | 3 | 2 | 5 | Yes | 5000 | No | No | Aadibasi |
| 41 | Mana Maya B k | Dhaijan | 1 | 2 | 2 | 4 | No | 5000 | No | No | Dalit |
| 42 | Padam Bdr Das | Dhaijan | 1 | 2 | 2 | 4 | Yes | 5000 | No | No | Aadibasi |
| 43 | Prakash Darji | Dhaijan | 1 | 3 | 2 | 5 | No | 6000 | No | No | Dalit |
| 44 | Pramila Phuyal | Dhaijan | 1 | 2 | 2 | 4 | Yes | 7000 | Yes | Yes | Brahmin/ Chettri |
| 45 | Prem Kumar Rai | Dhaijan | 1 | 1 | 2 | 3 | Yes | 7000 | Yes | No | Janajati |
| 46 | Rana Bdr Tamang | Dhaijan | 1 | 1 | 1 | 2 | Yes | 5000 | No | No | Janajati |
| 47 | Rentha Meche | Dhaijan | 1 | 1 | 1 | 2 | No | 7000 | Yes | No | Janajati |
| 48 | Sabina Darji | Dhaijan | 1 | 1 | 2 | 3 | No | 5000 | No | No | Dalit |
| 49 | Samjhana Darji | Dhaijan | 1 | 1 | 2 | 3 | No | 5000 | No | Old | Dalit |
| 50 | Sancha Rani Kamang | Dhaijan | 1 | 0 | 2 | 2 | Yes | 4000 | Yes | Old | Janajati |
| 51 | Saraswati Rajbanshi | Dhaijan | 1 | 1 | 2 | 3 | No | 6000 | Yes | No | Aadibasi |
| 52 | Sarmila Meche | Dhaijan | 1 | 0 | 3 | 3 | No | 4000 | Yes | No | Janajati |
| 53 | Sita Darji | Dhaijan | 1 | 1 | 3 | 4 | Yes | 6000 | Yes | Yes | Dalit |
| 54 | Sulochana Sundas | Dhaijan | 1 | 1 | 3 | 4 | No | 6000 | No | No | Aadibasi |
| 55 | Suman Meche | Dhaijan | 1 | 3 | 2 | 5 | Yes | 4000 | No | No | Janajati |
| 56 | Tulsa Upreti | Dhaijan | 1 | 3 | 1 | 4 | No | 7000 | No | No | Brahmin/ Chetri |
| 57 | Shanti Rai | Dhaijan | 2 | 1 | 2 | 3 | Yes | 4000 | Yes | No | Janajati |
| 58 | Tek Bdr Darji | Dhaijan | 2 | 1 | 1 | 2 | Yes | 4000 | Yes | Yes | Dalit |
| 59 | Dev Narayan Sada | Dhaijan | 2 | 2 | 2 | 4 | Yes | 6000 | No | No | Aadibasi |
| 60 | Indra Lal Limbu | Dhaijan | 2 | 1 | 5 | 6 | Yes | 4000 | No | No | Janajati |
| 61 | Bir Bahadur Bista | Dhaijan | 3 & 4 | 3 | 2 | 5 | No | 5000 | No | No | Brahmin/ Chetri |
| 62 | Kumar Meche | Dhaijan | 3 & 4 | 2 | 1 | 3 | Yes | 5000 | Yes | Yes | Janajati |
| 63 | Maita Bdr Limbu | Dhaijan | 3 & 4 | 2 | 2 | 4 | Yes | 5000 | No | No | Janajati |
| 64 | Mohan Bhattarai | Dhaijan | 3 & 4 | 2 | 1 | 3 | No | 7000 | No | No | Brahmin/ Chetri |
| 65 | Mukesh Meche | Dhaijan | 3 & 4 | 1 | 2 | 3 | No | 7000 | No | No | Janajati |
| 66 | Nara Bdr Karki | Dhaijan | 3 & 4 | 5 | 4 | 9 | Yes | 5000 | No | No | Brahmin/ Chetri |
| 67 | Narendra Khawas | Dhaijan | 3 & 4 | 2 | 3 | 5 | No | 3000 | No | No | Janajati |
| 68 | Santosh Bhujel | Dhaijan | 3 & 4 | 1 | 3 | 4 | No | 7000 | No | No | Janajati |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 69 | Sardal Phaudel | Dhaijan | 3 & 4 | 2 | 2 | 4 | No | 5000 | No | No | Janajati |
| 70 | Tanka Pd Limbu | Dhaijan | 3 & 4 | 1 | 3 | 4 | Yes | 5000 | No | No | Janajati |
| 71 | Uttam Khawas | Dhaijan | 3 & 4 | 1 | 2 | 3 | Yes | 6000 | No | No | Janajati |
| 72 | Ghatan Dhimal | Dhaijan | 5 | 4 | 2 | 6 | No | 4000 | No | No | Dalit |
| 73 | Medani Puri | Dhaijan | 5 | 3 | 1 | 4 | No | 5000 | No | No | Brahmin/ Chettri |
| 74 | Narayani Rajbanshi | Dhaijan | 5 | 2 | 2 | 4 | No | 5000 | No | No | Aadibashi |
| 75 | Nidu Dhimal | Dhaijan | 5 | 3 | 3 | 6 | No | 5000 | No | No | Janajati |
| 76 | Resha Lal Dhimal | Dhaijan | 5 | 2 | 2 | 4 | No | 4000 | No | Yes | Janajati |
| 77 | Sabina Dhimal | Dhaijan | 5 | 2 | 1 | 3 | No | 3500 | No | No | Janajati |
| 78 | Sadasya Dhimal | Dhaijan | 5 | 2 | 2 | 4 | No | 5000 | No | No | Dalit |
| 79 | Sukumar Meche | Dhaijan | 5 | 3 | 1 | 4 | No | 5000 | No | No | Janajati |
| 80 | Ashok Bantawa | Dhaijan | 6 | 1 | 1 | 2 | No | 5000 | No | No | Janajati |
| 81 | Basuri Dhimal | Dhaijan | 6 | 2 | 2 | 4 | No | 5000 | No | No | Janajati |
| 82 | Bikash Bantawa Rai | Dhaijan | 6 | 1 | 2 | 3 | No | 6000 | No | No | Janajati |
| 83 | Chandra Kumar Sherpa | Dhaijan | 6 | 1 | 5 | 6 | Yes | 6000 | No | No | Janajati |
| 84 | Chet Bdr Lohar | Dhaijan | 6 | 2 | 2 | 4 | No | 5000 | No | No | Dalit |
| 85 | Ramji Kumar Baraili | Dhaijan | 6 | 1 | 1 | 2 | Yes | 5000 | No | No | Janajati |
| 86 | Dilip Kumar Bantawa | Dhaijan | 6 | 4 | 2 | 6 | Yes | 5000 | No | No | Janajati |
| 87 | Laal Bdr Sherpa | Dhaijan | 6 | 4 | 3 | 7 | Yes | 7000 | No | No | Janajati |
| 88 | Prakash Dhimal | Dhaijan | 6 | 2 | 2 | 4 | No | 5000 | No | No | Janajati |
| 89 | Rana Mati Limbu | Dhaijan | 6 | 0 | 1 | 1 | No | 1000 | Yes | Oldage | Janajati |
| 90 | Amrita Maya Rai | Dhaijan | 6 | 1 | 2 | 3 | No | 2000 | Yes | No | Janajati |
| 91 | Bhisnu Chimariya | Dhaijan | 6 | 2 | 3 | 5 | Yes | 5000 | No | No | Brahmin/ Chettri |
| 92 | Dinesh Bika | Dhaijan | 6 | 1 | 1 | 2 | No | 5000 | No | No | Dalit |
| 93 | Hari Maya Bharati | Dhaijan | 6 | 3 | 5 | 8 | Yes | 6000 | No | No | Brahmin/ Chettri |
| 94 | Hem Raj Timsina | Dhaijan | 6 | 3 | 1 | 4 | Yes | 5000 | Yes | No | Brahmin/ Chettri |
| 95 | Indra Maya Sarki | Dhaijan | 6 | 1 | 2 | 3 | Yes | 7000 | No | No | Dalit |
| 96 | Kalpana Rajbanshi | Dhaijan | 6 | 2 | 3 | 5 | No | 6000 | Yes | No | Janajati |
| 97 | Krishna Bdr Karki | Dhaijan | 6 | 1 | 4 | 5 | No | 6000 | No | No | Brahmin/ Chettri |
| 98 | Maan Kumar Limbu | Dhaijan | 6 | 4 | 2 | 6 | Yes | 5000 | No | No | Janajati |
| 99 | Phul Maya Limbu | Dhaijan | 6 | 0 | 1 | 1 | No | 2000 | Yes | No | Janajati |
| 100 | Purna Maya Tamang | Dhaijan | 6 | 1 | 4 | 5 | No | 4000 | No | No | Janajati |
| 101 | Sargu Dhimal | Dhaijan | 6 | 1 | 1 | 2 | No | 1000 | No | No | Janajati |
| 102 | Tulshi Ram Adhikari | Dhaijan | 6 | 2 | 2 | 4 | No | 5000 | No | No | Brahmin/ Chettri |
| 103 | Aita Maya Limbu | Dhaijan | 6 | 3 | 4 | 7 | Yes | 7000 | No | No | Janajati |
| 104 | Ambir Rai | Dhaijan | 6 | 2 | 3 | 5 | No | 4000 | No | No | Janajati |
| 105 | Bhim Raj Rai | Dhaijan | 6 | 3 | 2 | 5 | Yes | 5000 | No | No | Janajati |
| 106 | Bhisnu Bdr Sarki | Dhaijan | 6 | 1 | 2 | 3 | Yes | 6000 | Yes | Oldage | Dalit |
| 107 | Bhopal Biswakarma | Dhaijan | 6 | 2 | 3 | 5 | No | 7000 | No | No | Dalit |
| 108 | Bishal Bika | Dhaijan | 6 | 2 | 1 | 3 | No | 5000 | No | No | Dalit |
| 109 | Daiba Keshar Rai | Dhaijan | 6 | 2 | 5 | 7 | Yes | 4000 | No | No | Janajati |
| 110 | Damber Hang Jabegu | Dhaijan | 6 | 2 | 2 | 4 | No | 4000 | No | No | Janajati |
| 111 | Dil Kumar Biswakarma | Dhaijan | 6 | 2 | 3 | 5 | Yes | 7000 | No | No | Dalit |
| 112 | Ganga Bdr Darji | Dhaijan | 6 | 2 | 3 | 5 | No | 7000 | No | No | Dalit |
| 113 | Hari Maya Biswakarma | Dhaijan | 6 | 1 | 2 | 3 | No | 7000 | No | No | Dalit |
| 114 | Indra Maya Sarki | Dhaijan | 6 | 2 | 3 | 5 | Yes | 7000 | No | No | Dalit |
| 115 | Januka Bhujel | Dhaijan | 6 | 3 | 5 | 8 | Yes | 5000 | Yes | Yes | Dalit |
| 116 | Kalu Maya Darji | Dhaijan | 6 | 1 | 4 | 5 | Yes | 6000 | Yes | No | Dalit |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 117 | Laal Bahadur Darji | Dhaijan | 6 | 2 | 2 | 4 | Yes | 4000 | No | No | Dalit |
| 118 | Laal Bir Kami | Dhaijan | 6 | 3 | 1 | 4 | No | 4000 | No | No | Dalit |
| 119 | Maan Kumari Rai | Dhaijan | 6 | 2 | 1 | 3 | Yes | 5000 | No | No | Janajati |
| 120 | Maan Maya Magar | Dhaijan | 6 | 1 | 2 | 3 | Yes | 5000 | No | No | Janajati |
| 121 | Maan Pd Rai | Dhaijan | 6 | 2 | 3 | 5 | No | 6000 | No | No | Janajati |
| 122 | Machindra Dhamala | Dhaijan | 6 | 3 | 3 | 6 | No | 4000 | No | No | Dalit |
| 123 | Madan Kumar Rai | Dhaijan | 6 | 2 | 3 | 5 | Yes | 5000 | No | No | Janajati |
| 124 | Manoj Limbu | Dhaijan | 6 | 2 | 3 | 5 | Yes | 7000 | Yes | No | Janajati |
| 125 | Matrika Bika | Dhaijan | 6 | 1 | 2 | 3 | No | 5000 | Yes | No | Dalit |
| 126 | Mishra Kumari Siwa | Dhaijan | 6 | 2 | 2 | 4 | Yes | 4000 | Yes | No | Dalit |
| 127 | Nara Bdr Kami | Dhaijan | 6 | 2 | 4 | 6 | No | 5000 | No | No | Dalit |
| 128 | Nima Dorje Tamang | Dhaijan | 6 | 2 | 3 | 5 | Yes | 5000 | No | No | Janajati |
| 129 | Prakash Mangranti | Dhaijan | 6 | 2 | 2 | 4 | No | 5000 | No | No | Dalit |
| 130 | Purna Bdr Sarki | Dhaijan | 6 | 2 | 1 | 3 | No | 4000 | No | No | Dalit |
| 131 | Purna Bdr Biswakarma | Dhaijan | 6 | 1 | 0 | 1 | No | 5000 | No | Yes | Dalit |
| 132 | Rup Mati Limbu | Dhaijan | 6 | 3 | 1 | 4 | Yes | 5000 | No | No | Janajati |
| 133 | Shree Mati Kumari Rai | Dhaijan | 6 | 0 | 2 | 2 | No | 4000 | Yes | Oldage | Janajati |
| 134 | Sita Devi Limbu | Dhaijan | 6 | 1 | 3 | 4 | Yes | 5000 | Yes | No | Janajati |
| 135 | Suka Maya Biswakarma | Dhaijan | 6 | 1 | 1 | 2 | No | 4000 | Yes | No | Dalit |
| 136 | Sun Maya Darji | Dhaijan | 6 | 1 | 1 | 2 | Yes | 4000 | Yes | Oldage | Dalit |
| 137 | Sunita Limbu | Dhaijan | 6 | 2 | 2 | 4 | No | 5000 | No | No | Janajati |
| 138 | Tara Hang Limbu | Dhaijan | 6 | 1 | 4 | 5 | No | 5000 | No | No | Janajati |
| 139 | Tek Bdr Rai | Dhaijan | 6 | 4 | 5 | 9 | No | 4000 | No | No | Janajati |
| 140 | Tham Maya B k | Dhaijan | 6 | 3 | 2 | 5 | Yes | 5000 | No | No | Dalit |
| 141 | Tika Maya Adhikari | Dhaijan | 6 | 2 | 2 | 4 | Yes | 7000 | Yes | No | Brahmin/ Chettri |
| 142 | Tika Ram Bishwokarma | Dhaijan | 6 | 1 | 2 | 3 | No | 5000 | No | Yes | Dalit |
| 143 | Tilak Bdr Achame Sarki | Dhaijan | 6 | 3 | 4 | 7 | Yes | 4000 | Yes | No | Dalit |
| 144 | Uma Charmakar | Dhaijan | 6 | 1 | 2 | 3 | Yes | 7000 | No | No | Dalit |
| 145 | Umesh Dhamala | Dhaijan | 6 | 2 | 1 | 3 | No | 6000 | No | No | Dalit |
| 146 | Umesh Yingyam | Dhaijan | 6 | 1 | 1 | 2 | No | 7500 | No | No | Janajati |

## (८) निष्कर्ष :

खानेपानी तथा सरसफाई मन्त्रालय अर्न्तगत पहिलो साना शहरी, दोश्रो साना शहरी संचालन पश्चात तेश्रो साना शहरी कार्यान्वयन चरणमा रहेको छ । आयोजना तर्जुमा छनोट निर्माण संचालन र संभारमा समेत उपभोक्ता वर्गको प्रत्यक्ष संलग्नता गराई खानेपानी सेवा तथा सरसफाइलाई दिगो र भरपर्दो वनाउने लक्ष्य पुरा गर्न गराउन आर्थिक तथा प्राविधिक रुपले उपयुक्त वनाई सवैले यथेष्ट रुपमा कार्य सम्पादनमा अग्रसर हुनु जरुरी छ । यो आयोजना ७ करोड भन्दा माथिको लागतको मध्यम/उच्च स्तरीय खानेपानी सेवा अर्न्तगत रहेको छ । यस प्रकृतिको सेवालाई सन् २०१७ सम्ममा नेपालको जनसंख्याको एक तिहाईमा पुऱ्याउने नेपाल सरकारको प्रतिवद्दतालाई  यहि गति हेर्दा सन् २०३० सम्मको लक्ष्य राखि जान उपयुक्त देखिन्छ । प्रति धारा न्युनतम सेवा शुल्क यसमा रु.३०० भन्दा माथि पर्न जाने, ५ प्रतिशत रकम  आयोजनाको रकम सुरुमै नगद जम्मा गर्नु पर्ने जस्ता विषयमा आयोजना क्षेत्रको उपभोक्ताको सहभागिता धेरै कठिन भई आयोजनामा जटिलता थपिएको छ । यसलाई राज्यको तर्फवाट हेर्दा नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अर्न्तगत धारा ३० अनुसार प्रत्येक नागरिकलाई स्वच्छ

र स्वस्थ वातावरणमा बाच्न पाउने हक स्थापित गरि वातावरणीय प्रदुषण र ह्रास बाट हुने क्षति वापत पिडितलाई प्रदुषकवाट कानुन बमोजिम क्षतिपुर्ति पाउने व्यवस्था रहे भएको नेपालको संविधानको धारा ३५ को उपधारा ४ अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पँहुचको हक हुने र धारा ४४ अनुसार प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने र गुणस्तरीय वस्तु वा सेवा वाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपुर्ति पाउने हक हुने सम्मको संवैधानिक व्यवस्थालाई प्रत्याभुति गर्न मंहगो सेवा शुल्क को पानी लाई उपभोक्ताको स्तर अनुसार घटाई सवै नागरिकमा संवैधानिक हक अर्न्तगत खानेपानीको हकको प्रत्याभुति राज्यवाट गर्नुपर्ने देखिन्छ । खानेपानी संचालनमा विद्युत वापत डिमाण्ड चार्ज लगायत अन्य मंहगो शुल्क लाई राज्यले सिंचाई लगायत अन्य केही सुविधामा दिएको सुविधालाई यहा अंगिकार नगरेको देखिदा राज्यले नागरिकको मौलिक हक किन सम्मान गरेन बुझ्न कठिन भएको छ । तसर्थ आम जनताले स्वस्थ भई वाच्न पाउने हकका लागि यो समस्या जटिल वन्न नदिन विद्युतमा खानेपानी उपभोक्ता समितिले तिर्नुपर्ने मंहगो शुल्क लाई यथाशिघ्र पुनरमुल्यांकन गरी नेपाल सरकारले संवोधन गर्ने छ । आम जनतालाई सन् २०३० सम्ममा खानेपानी सित संवन्धित सम्पुर्ण नीतिनियमहरु यसको परिपुर्ति हुने गरि परिमार्जित भई कार्यान्वयनमा आउने अपेक्षा सहित यो निष्कर्ष पेश गरेका छौ ।

**अनुगमनकर्ता**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

## राष्ट्रपति चुरे तराई मधेश कार्यक्रम र विकास निर्माणमा क्रसर उद्योगको प्रभाव र असर

### १, परिचय

राष्ट्रिय गौरबको आयोजनाको सफलताको लागि चुरे छेत्र भन्दा माथिल्ला भागमा रहेका पहाडी भू-भागका उर्वर भुमि वनजंगल आदिलाई कुनै प्राविधिक मूल्याङ्कन बेगर विकास निर्माणको नाममा डोजर तथा स्काईभेटर प्रयोग भई हुन आएको पहिरो, नदिको बर्खेभेलबाट हुने कटान अन्य विभिन्न प्राकृतिक स्वरुप विनास गर्ने गराउने खालका कार्यबाट वर्षेनि  चुरेक्षेत्रमा पुग्ने असर र चुरेक्षेत्रको उपल्लो भागमा रहेका वस्तिहरुबाट हुने प्राकृतिक संम्पदाको  विनासले गर्दा अकल्पनिय रुपमा पहाडी भू-भाग र  चुरेक्षेत्रका पहाडहरुबाट जमिन जंगल गिटी र बलुवाहरु भेलसँगै नदि तथा खोलाबाट तराईको समथल भू-भाग हुदै बगिरहेको छ । यसरी आउने र वग्ने बालुवा गिटीहरुलाई निश्चित मापदण्ड अनुसार उत्खनन् गर्ने, निश्चित क्षेत्रहरुमा उत्खनन् गर्नलाई बन्देज रहने र तोकिएको मापदण्ड अनुसार मात्र क्रसर उद्योग खोल्ने र सञ्चालन गर्न पाउँने कानूनि ब्यवस्था औद्योगिक व्यवसाय ऐन, २०४९ ले गरेको देखिन्छ  तर कानूनि प्राबधानलाई पूर्णरुपमा बेवास्ता गर्दै क्रसर उद्योगको दर्ता नविकरण र सञ्चालन भई रहेको महोतरी जिल्लाको स्थलगत अनुगमनबाट अनुभूति हुन आयो ।

यसको असर र प्रभाब राज्यको विकास निर्माणका संम्रचनामा क्षेति, वनजंगलको प्रभाव क्षेत्रमा सञ्चालन, स्वास्थ्य संस्था, शिक्षण संस्था, राजमार्ग, संवेदनशिल पक्कि पुलहरुको नजिकै उत्खनन गरि तोकिएको कुनै मापदण्ड पुरा नगरी सञ्चालन हुँदा  अझ यसका संदर्भमा उच्चस्तरीय अनुगमनले पटक पटक औंल्याउँदा समेत सम्बन्धित मन्त्रालयले उचित कदम चालि यसको सहि समाधान दिएको छैन तसर्थ उक्त अवलोकनको विस्त्रित विवरण यहाँ प्रस्तुत गर्ने जमर्को गरेको छौ ।

### २, क्रसर उद्योगको दर्ता, सञ्चालन सर्त मापदण्ड र नविकरण प्रकृयाका विधिहरु

**दर्ता प्रकृयाः-**  औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ क र दफा ५ अनुसार साना उद्योगकोरुपमा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुने गर्दछ । महोतरी जिल्लामा दर्ता भई सञ्चालनमा रहेको उद्योगहरु निम्नानुसार देखियोः-

१, वि.एण्ड वि .गिटी उद्योग वर्दिवास ७ महोतरी

२, जय बजरंग ग्रावेल उद्योग वर्दिवास -१ महोतरी

३, बंगलामुखी क्रसर उद्योग वर्दिवास -७ महोतरी

४, सोनामाई कङ्कृट उद्योग वर्दिवास -९ महोतरी

५, सिद्धार्थ क्रसर उद्योग लक्ष्मिनिया १ महोतरी

६, मनकामना गिटिबालुवा वासिङ उद्योग किसाननगर -१ महोतरी

७, पन्चधुरामाई बालुवा वासिङ उद्योग किसाननगर -९ महोतरी

**सञ्चालनका सर्त मापदण्डहरुः**

१, धुलोलाई बाहिर निस्कन नदिन क्रसर चल्दा पानी छम्कि नियन्त्रण गर्ने प्रविधिको सेड जडान गरेको हुनुपर्ने र औद्योगिक क्षेत्रमा कम्पाउण्ड वाल भएको हुनुपर्ने ।

२, तोकिएको प्रदुषण भन्दा वढिको ध्वनि प्रदुषण हुन नहुने साथै प्रदुषण मापन यन्त्र अनिवार्यारुपमा राख्नुपर्ने ।

३, शहरी क्षेत्रमा सञ्चालन गर्न नहुने , स्वीकृति लिएरमात्र रात्रि सिफ्ट सञ्चालन गर्न पाउँने ।

४, राजमार्गबाट ५०० मिटर टाढा साथै नदि किनारबाट ५०० मिटर उद्योग रहनु पर्ने ।

५, क्रसर उद्योग फोहोर रोक्ने र त्यसको उचित व्यवस्थापन गरेको हुनुपर्ने ।

६, बनजंगल, आरक्षण सुरक्षा क्षेत्र, स्वास्थ्य संस्था र शिक्षण संस्थाहरुबाट कम्तिमा २ कि.मी. टाढामात्र उद्योग सञ्चालन गर्न पाउने ।

७, निर्धारित मापदण्ड भन्दा बढी सतह खोतल्ने र गिटी बालुवा उत्खनन् गर्न नपाईने ।

८, स्काईभेटर बुल डोजर आदि साधनहरु प्रयोग गर्न नपाईने ।

९, उद्योगका लागि उत्खनन् अनुमति स्थाल तोकिएको हुनुपर्ने ।

१०, जिल्ला अनुगमन समितिबाट Stock verification गराउनु पर्ने ।

११, उद्योग सञ्चालनका लागि IEE/EIA दुबै गराएको हुनुपर्ने ।

**नविकरण प्रकृया**

दर्ता भएका उद्योगहरुलाई तोकिएको अबधिहरुमा उपरोक्त सञ्चालनका सर्त मापदण्ड बमोजिम सञ्चालन भएका भएमा मात्र नियम अनुसारको दस्तुर तिरी  दर्ता गर्ने कार्यालयबाट नविकरण गर्नु पर्ने छ ।

## ३. राष्ट्रपति चुरे तराई मधेश कार्यक्रम कार्यान्वयन क्षेत्र

क्रसर उद्योगले ओगटेको क्षेत्रका सम्बन्धमा नेपाल सरकारको वन तथा भू-संरक्षण मन्त्रालय,सिंचाई मन्त्रालय आदिबाट राष्ट्रिय गौरबका आयोजनाको रुपमा राष्ट्रपति चुरे मधेश कार्यक्रम अन्तर्गत यसको संरक्षण र सम्बर्धनका लागि नदि प्रणालीको खाली सार्वजनिक प्रति जग्गा एवं अतिक्रमण हटाई खाली रहेको क्षेत्रमा तारबार गरी वृक्षारोपण गर्ने,बन पुनस्थापना गर्ने,नदि नियन्त्रणका लागि तटबन्ध निर्माण गर्ने,आकस्मिक नदि नियन्त्रणका कार्य गर्ने भू-संरक्षणका कार्यक्रम संचालन गर्ने गल्छि पहिरो तथा खहरे रोकथाम गर्ने पानी मुहान संरक्षण पोखरी निर्माण रेन वाटर- रन अफ हार्मेस्टिङ ड्याम निर्माण गर्ने कुलो संरक्षण मर्मत तथा सुधार गर्ने,बाँसको कलमी आदी जातका विरुवा रोपन गर्ने र सिंचाईलाई नदि नियन्त्रण व्यवस्थापन गर्ने जस्ता कार्य यस जिल्लाको हकमा समेत रातु नदि लगायतका नदि प्रणाली अन्तर्गत रहे भएको पाइन्छ ।

## ४. स्थलगत अनुगमन वि एण्ड वि गिटि उद्योग

### क. दर्ता तथा नविकरण

उद्योगको नाम : वि एण्ड वि गिटि उद्योग बर्दिबास ७ महोत्तरी    दर्ता नं. १८३४/६५/६०-६१

दर्ता मिति २०६१।०१।०४ नविकरण भएको अन्तिम मिति २०७३।०५।१६

### ख. खारेजि तथा कारवाहि सम्बन्धि कानूनि व्यवस्था

तोकिएको मापदण्ड र सर्त अनुसार उद्योग संचालन नभए औद्योगक व्यवसाय ऐन २०४९ को दफा २५ को १ क अनुसार पाँच लाखसम्म जरिवाना गर्ने र नियमानुसार सञ्चालन गर्न लगाउने १ ख अनुसार उद्योगको दर्ता वा अनुमति पत्र खारेज गर्न् र १ ग अनुसार उद्योग बन्द गर्न लगाउने सम्मको कानूनी कारवाहि व्यवस्था रहे भएको देखिन्छ ।

**ग. उद्योगको  वर्तमान अवस्था र त्यसले ल्याएका असरहरु**

- महेन्द्र राजमार्गको रातुपुलको करिब ५० मिटरमा राजमार्ग सँगै टाँसिएर संचालन भैरहेको ।
- नदि किनारको ५०० मिटर क्षेत्रको नदि उकास जमिनहरुमा कुनै मापदण्ड बेगर बालुवा गिटि उत्खनन तथा प्रशोधन र भण्डारन भैरहेको ।
- राष्ट्रपति तराई मधेश कार्यक्रमको क्षेत्र अन्तर्गत घना जंगलको २ किलोमिटर क्षेत्रभित्र उद्योगका सम्पूर्ण कार्यहरु संचालनमा रहेको ।
- बर्दिबासको घना शहरी क्षेत्रको स्वास्थ्य संस्था शिक्षण संस्था र आम जनसमुदायको घना आवादि सँगै जोडिएर संचालनमा रहेको ।
- आवश्यक सेड निर्माण ध्वनि प्रदुषण यन्त्र वाउण्ड्रि वाल आदि कुनै सुरक्षाका उपाय बेगर पूर्ण असुरक्षित वातावरण सिर्जना गरि संचालनमा रहेको ।
- उद्योग संचालन तथा उत्खनन कार्यले महेन्द्र राजमार्गमा रहेको रातु पुरल क्षतिग्रस्त अवस्थामा पुगेको ।
- कति मात्रामा स्टक रहने कति मात्रामा उत्खनन गर्ने यो कुनै मापदण्ड जिल्ला अनुगमन समितिले निर्धारण गरि कार्यान्वयन गरेको नदेखिएको ।
- उद्योग दर्ता प्रमाणपत्रमा यस उद्योगको वार्षिक उत्पादन क्षमता चार लाख पचास हजार घन फिट उल्लेख भएको तर उत्खनन कार्य भण्डारन समेतलाई हेर्दा संयौ गुणा बढि भएको ।
- यसको विक्रि कहाँ कसरी हुन्छ सो को विक्रि वितरणमा तथ्यपरक अभिलेख नदेखिएको ।

**५. यस उद्योगका सम्बन्धमा विगतको अनुगमनका प्रतिवेदन र कार्यान्वयन अवस्था**

**अनुगमन -१**

- प्रधानमन्त्रि तथा मन्त्रिपरिषदका कार्यालयका तत्कालिन सचिव लिलामणि पौडेल सामान्य प्रशासन मन्त्रालयका तत्कालिन सचिव बालानन्द पौडेल र राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख समेतको संयुक्त अनुगमन टोलिबाट २०६७ सालको बर्षातमा भएको स्थलगत अनुगमनबाट यस उद्योगले रातु पुल क्षतिग्रस्त अवस्थामा पुगेको राजमार्गकै छेउमा टाँसिएर संचालनमा रहेको र उक्त स्थानबाट उद्योग स्थानान्तरण गर्न भने प्रतिवेदन पेश भएको ।

- उक्त प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उद्योग मन्त्रालयबाट घरेलु तथा साना उद्योग विभाग हुँदै घरेलु तथा साना उद्योग कार्यालय महोत्तरी पुगी महोत्तरीको कार्यालयले च.नं. १०३ मिति २०६७।०५।१८ को पत्रबाट उद्योग बन्द गरी अन्यत्र ठाउँ सार्न हुन भन्ने सम्मको उद्योगको नाममा पत्राचार गरि सो पश्चात कुनै कारवाही नभई हालसम्म नविकरण कार्य नियमविपरित भैरहेको ।

**अनुगमन-२**

- यस उद्योगको असर सम्बन्धमा उद्योग मन्त्रालयमा उजुरी परि उद्योग मन्त्रालयका शाखा अधिकृत घरेलु तथा साना उद्योग विभागका उपसचिव र केमिकल इन्जिनियर समेतको टोलि खटि महोत्तरीका ४ वटा धनुषाका ४ वटा सिरहाका ४ वटा क्रसर उद्योगले महेन्द्र राजमार्गमा पुऱ्याएको असर सम्बन्धमा अनुगमन गरि उद्योग मन्त्रालयमा प्रतिवेदन बुझाएको देखिन्छ ।
- उक्त टोलिले यस उद्योगका सन्दर्भमा यो उद्योग संचालन स्तर राजमार्गबाट ५०० मिटर भित्र भएको रातु पुलमा क्षति गरेको पुलसँगै जोडिएर उद्योग संचालनमा रहेको उत्खनन प्रशोधन तथा भण्डारनका कार्यहरु बन जंगल स्वास्थ संस्था शिक्षण संस्था र सुरक्षा संवेदनशिल स्थलबाट २ किलोमिटर क्षेत्रभन्दा बाहिर नरहेको साथै उद्योगको फोहोर रोक्ने सिड नभएको बाउण्ड्रि वाल समेत नराखी उद्योग संचालनमा रहेकोले तोकिएको मापदण्ड अनुसार नभएको भन्ने समेतको २०७०।०४।१४ मा प्रतिवेदन दिएको ।
- उक्त प्रतिवेदन अनुसार कुनै कारवाही हुनुको सट्टा २०७३।०५।१६ को मितिमा समेत नविकरण भै उद्योगबाट माथि उल्लेखित गंभिर असर पुऱ्याई संचालनमा रहे भएको ।

## ६. स्थलगत अनुगमनमा लिएको फोटोहरु
















## ७. निष्कर्ष

राष्ट्रिय गौरवको आयोजना राष्ट्रपति चुरे तराई मधेश कार्यक्रमलाई तोकिएको कार्यक्षेत्र भित्र यस कार्यक्रमलाई पूर्णतया असर गर्ने गरि संचालनमा रहेको यस उद्योगले विकास निर्माणका रहे भएका संरचनालाई ध्वस्त बनाउने साथै आम जनताको स्वास्थ्य शिक्षा जस्ता आधारभुत आवश्यकतामा गम्भिर असर पुऱ्याई कुनै पनि विधि विधान नस्विकारी संचालनमा रहनु र राख्न दिनुमा ठूलो त्रुटि भनेर सहजै औंल्याउन सकिन्छ । विभिन्न समयमा भएका अनुगमनका प्रतिवेदनलाई उद्योग मन्त्रालयले सुझावको रुपमा मात्र लिने आफ्नै प्रतिनिधि खटाई भएको अनुगमनको प्रतिवेदन कार्यान्वयन गर्न नसक्ने जस्ता कार्यबाट हुन आउने राष्ट्रको क्षति न्युनिकरणलाई आजको दिनसम्म धेरै ढिलो भैसकेको देखिँदा अबका दिनमा ढिलो गर्न नहुने निष्कर्ष सहित निम्नानुसार कार्य तत्कालै गर्न गराउन उद्योग मन्त्रालयलाई सुझाव पेश गरेका छौं ।

क. उद्योग संचालन स्थल महेन्द्र राजमार्ग र राजमार्गमा रहेको रातु पुल संग जोडिएको देखिँदा यसरी राजमार्ग र पुललाई असर गर्ने गरी उद्योग  संचालन गर्न गराउन तत्काल रोक लगाउनुपर्ने ।

ख. घना जंगल सँग जोडिएर उद्योग संचालनमा रहेको साथै बर्दिबास नगरको घना शहरी बस्ति र स्वास्थ्य संस्था शिक्षण संस्था लगायत संवेदनशिल स्थानबाट २०० मिटरको दुरीमा उद्योग संचालनमा रहेकाले तत्काल उद्योगलाई स्थानान्तरण गर्नुपर्ने ।

ग. राष्ट्रपति चुरे तराई मधेश संरक्षण क्षेत्रको नदि उकास जमिन नदि देखि ५००मिटर क्षेत्रभित्र उद्योगको भण्डारन र संचालन भएकाले यस क्षेत्रलाई खालि गरी राष्ट्रपति चुरे तराई मधेश कार्यक्रमको नदि उकास जमिनमा वृक्षारोपण गर्ने¸तालतलैया बनाउने जस्ता कार्य संचालन गर्न यस क्षेत्रलाई वन क्षेत्रको संवेदनशिल क्षेत्र घोषणा गरि तारको घेर गर्ने कार्यक्रम संचालन गराई राष्ट्रिय गौरवका आयोजनालाई सहयोग पुऱ्याउने कार्य गर्ने गराउने ।

घ. सार्वजनिक नदि उकास जमिनहरु वन क्षेत्रबाट २ किलोमिटर क्षेत्रभित्र रहेको यस क्षेत्रको सन्दर्भमा आवश्यक थप कार्यक्रमहरु जस्तै साना चिडियाघर भ्यु टावर आदि बनाउनको लागि उपयुक्त देखिँदा यसको आवश्यक DPR तयार गरि कार्यक्रम तयारी गरी संचालन गर्ने गराउने ।

ङ. प्रस्तुत उद्योगका सन्दर्भमा माथि बुँदा बुँदामा यसले पारेका असरहरु उल्लेख गरि सकिएको हुँदा औद्योगिक व्यवसायिक ऐन २०४९ को दफा २५ बमोजिमका कारवाहीहरु तत्कालै भई उद्योग पूर्णतया बन्द गर्ने गराउने ।

अनुगमनकर्ता
माननीय सदस्य डा. कृपासिन्धु प्रसाद
योजना अधिकृत नइन्द्र प्रसाद दाहाल

# अन्य केही आयोजनाका स्थलगत झलकहरु

१. जिल्ला स्वास्थ कार्यालय जलेश्वर, महोत्तरीको निर्माण सम्पन्न भई हस्तान्तरण मात्र हुन वाँकी रहेको भनिएको भवनहरुको स्थलगत अनुगमनवाट लिईएका फोटाहरु










नेपाटप
Save Tree













२. वर्दिवासको खयर मारा मा रहेको विद्यालयवाट अतिक्रमण गरिएको सार्वजनिक वाटो





३. जमुनी सिंचाई आयोजना धनुषाको स्थलगत अनुगमनको फोटाहरु



हेड रेगुलेटरवाट पानीको उचित सतह वनी नहरमा  जान कठिन









जमुनी सिंचाई  आयोजनाका समस्याहरु

१. माथि फोटोमा देखाएको ड्यामको अगाडिको भागमा नदिको र हुलाकी राजमार्गको जमिन बगि डयाम पुरिदै जाने हुदा प्राविधिक रुपमा ड्यामको उचाई सहि मान्न सकिएन

२. उल्लेखित कार्यले गर्दा माथि देखाइएको हेड रेगुलेटरवाट पानी सहजै नहरतर्फ सतह वनाई जानलाई कठिन हुने

३. माथि फोटोमा देखाए अनुसार जंगल क्षेत्र २०० मिटर जमिनमा नहर वनाउन आवश्यक स्विकृति र कार्यान्वियन तर्फ ढिलाई भई रहेको

४. माथि फोटोमा देखाए अनुसार नहरको तल्लो भाग सम्मको सम्पुर्णकार्य सम्पादन गरि शाखा नहरहरुमा पानी जोडने कार्य लाई बाकी कार्य चाडै सम्पादन गर्नु पर्ने अवस्था रहेको

५. ३८ करोड लागतको यस नहर सुरुमै माथि उल्लेख गरे वमोजीमको ड्यामको उचाई नपुग भई जलाशय गृह नवनी पानी लाई सहज रुपमा नहर तर्फ लैजान कठिन देखिदा नेपाल सरकारको लागत चाडै अनुपयुक्त अवस्थामा नजाने तर्फ थप प्राविधिक विश्लेषण गर्न जरुरी हुन्छ की ?

६. यसको सवल पक्ष नहर संग जोडिएर सडक निर्माण लाई खनिएको माटो प्रयोग भई सदुपयोग भएको पाइएको

अनुगमन कर्ता  
मा.सदस्य डा. कृपा सिन्धु प्रसाद  
यो.अ. नइन्द्र प्रसाद दाहाल